साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४३ अंक १६ २०८१ मंसिर ४ गते मंगलबार (Nov. 19, 2024) मूल्य रू. १०/-

## प्रकृति दोहनले बिपत, रोक्ने कसले ?



यसपालीको अतिवर्षा, बाढीपहिरोले जनजीवन बिपतमा पऱ्यो । बालबृद्धा, युवामा समेत अतिरोगव्याधि बढ्यो । मेलम्ची, रोसी र नख्खु खोलाले समेत उत्पात मच्चायो । प्राकृतिक दोहन- क्रसर र खानी अनियन्त्रित हुँदा कतिसम्म हुँदोरहेछ भन्ने पनि देखियो । तैपनि न सरकार सचेत छ, न अधिवक्ताहरू मुद्दा हाल्छन्, कठै नेपाल ।

# चीन भ्रमणको एजेण्डा के हो ?


प्रधानमन्त्री केपी ओली चीन भ्रमणमा जाँदैछन्, भ्रमणको गृहकार्य परराष्ट्रले गरिरहेको जनाएको छ ।

प्रम ओलीले भारत भ्रमणको निम्तो नपाएपछि चीन भ्रमणमा जान लागेको चर्चा चुलिएको बेलामा चीन भ्रमणबारे प्रमुख प्रतिपक्षी माओवादीले चाइना कार्ड खेल्न खोजेको आरोप लगाएपछि यो भ्रमण अझ बढी चर्चामा रहेको छ ।

प्रम ओलीको चीन भ्रमण किन हुन लागेको हो ? भ्रमण हुनु राम्रो हो भन्दै परराष्ट्रविदहरूले यसपटकको भ्रमणमा राष्ट्रिय एजेण्डा हुनुपर्ने भनेका छन् ।

चीनविज्ञहरू भन्छन्- यो सरकार पश्चिमाले खडा गरिदिएको, यो भ्रमण पनि पश्चिमाकै इसारामा हुनलागेकोले यो भ्रमणमा के होला नहोला ? भन्न सकिन्न । तर उनीहरू नै भन्छन्- केपी ओलीले जग हालिसकेको झापा औद्योगिक पार्क र नेपालसम्म रेलवे ल्याउन चीनलाई मनाउन सके भने ओलीको ढाडमा हाड रहेछ भन्ने मानौंला । यी दुबै आयोजना चीनले नेपाललाई उपहारमा बनाइदिने आयोजना भनिएका छन् ।

यद्यपि नेपालले चीनको एक्जिम बैंकसँग ऋण लिएर निर्माण गरेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको ऋण अनुदानमा बदलिदिन चीनलाई लिखित आग्रह गरिसकेको छ । चीनले उद्घाटनकै दिन यो आयोजना बीआरआई योजनाअन्तर्गतको भनेको थियो, जबकि नेपाललाई थाहै थिएन । बीआरआई अन्तर्गतका ऋण चीनले अनुदानमा दिएको अथवा माफी गरिदिएको उदाहरण अद्यापि छैन । नेपालले त्यस्तो अनुदान पाउला वा




नपाउला ? पर्खनुपर्छ । यसैवीच सन २०१७ मा नेपालले सहमति गरेको र चीनका राष्ट्रपतिको सन २०१९ को नेपाल भ्रमणताका नेपाल र चीनवीच भएका सहमति कार्यान्वयन हुनसकेको छैन । चीन बीआरआई कार्यान्वयन गर्न नेपाललाई दबाब बढाउँदैछ ।

फ्रेण्ड्स अफ चाइना, नेपाल चाइना म्यूचअल कोअपरेटिभ सोसाइटीजस्ता संस्थाहरूले एक भ्रमण एक राष्ट्रिय एजेण्डा हुनुपर्नेमा जोड दिएका छन् । कतिपय विज्ञहरूले चीनसँग खुलेर कुरा गर्नुपर्ने र नेपालले लाभ लिन अग्रसर हुनुपर्ने भनिरहेका छन् । भूराजनीतिको चेपोमा फसेको नेपालले यसपटक स्वतन्त्र मुलुकको हैसियत र असंलग्नताको जगमा टेकेर वार्ता गर्नसक्नुपर्नेछ । यसो भयो भने दक्षिणले अथवा प्रतिपक्षीका आरोप निस्तेज हुनेछन् र क्षमता देखिनेछ ।

खबर छ, चीनले सिगात्से केरूङ ५४० किलोमिटर लामो रेलवे अधिकांश बनाइसकेको छ । चीनले दैलेखमा अनुदानमा तेल उत्खनन गरिरहेको छ । तेल निस्कने सम्भावना बढी छ । यता सडक यातायातमा बुटवल खण्डका चीनका ठेकेदारले काम नगरे ठेक्का तोड्ने कुरा प्रमले नै गरेका छन् । ठेक्का तोडेर चीन जाँदा पनि असर त गर्ला । चीन नेपालमा सिमेन्ट, जलविद्युत लगायतमा लगानी बढाउँदैछ । यो कुरा भारतलाई अपच भएको छ भने यही विषयलाई लिएर भारतलाई चिसो पार्न र ओलीलाई अलोकप्रिय बनाउने प्रयास अनेक राजनीतिक कोणबाट भइरहेका छन् । मूल कुरा कांग्रेस र एमालेवीचको समन्वयले काम नगर्दा पनि शंका उठेका छन् ।

जबसम्म कांग्रेस र एमालेको गठबन्धनले काम गर्छ, सभापति देउवाले ओलीलाई विश्वास गर्छन्, यो सरकार ढल्नेवाला छैन । अब हेर्नुछ, ओलीको चीन भ्रमणको उपलब्धि पार्क र रेलवे, ऋण माफीमा देखिन्छ कि देखिन्न ?

## ६०१ हप्तापछि पनि बागमती ढलमती

बागमती सफाइ अभियान ६ सय १ हप्ता नाघिसक्यो । तर बागमती ढलमतीबाट पवित्र हुनसकेन । बागद्वारबाट पवित्र पानी बग्छ तर चोभार पुग्दा नपुग्दै मलमूत्रका फिजमात्र देखिन्छ । यसको कारण सफाइ अभियान चल्यो, चेतना अभियान चलेन । बागमती सभ्यताबारे राजधानीबासीलाई विवेकशील बनाउन सकिएन । राजनीति फोहर भएपछि प्रशासन फोहर हुनेरहेछ, जनजनको मानसिकता पनि फोहरी हुनेरहेछ । बागमती सफाइ गर्दा पनि फोहर नै हुनु भनेको बासिन्दा फोहरी भएर हो । अन्यथा ६ सय १ हप्ता सफाइ गर्दा पनि बागमती उस्तै फोहर कसरी हुन्छ त ?

***बागमतीका लागि हप्ताको दुई घण्टा स्वयंसेवा*** भन्ने नाराका साथ सुरू



भएको वाग्मती सफाइ महाअभियान असफल हुनपुगेको छ । २०७० जेठ ५ गते सुरू भएको वाग्मती सफाइ महाअभियानमा कूटनीतिक, सुरक्षा निकाय, विद्यार्थी, समाजसेवी, प्रशासकसमेत जुट्ने गरेका छन् । यो जुटाइ तमासामा सिमित हुनपुगेको छ ।

मुहान तलबाट फोहर मिसाउन सुरू गरिन्छ, पशुपति क्षेत्र आइपुग्दा मलमुत्र बग्ने भइसकेको हुन्छ बागमती । त्योभन्दा तल पनि जनताले मलमुत्र, फोहर नै फाल्छन् । पशुपति विकास कोष, अधिकार सम्पन्न बागमती आयोजनाले समेत बजेट सक्ने र भाषण गरेर बस्नाले चेतना अभिवृद्धि हुन नसकेको हो । स्थानीय सरकार पनि फोहर व्यवस्थापनमा उदासीन रहने गरेको पाइएको छ ।

सफाइ अभियानकर्मीहरू वाग्मतीमा सफाइको अवस्थामा सुधार गर्न खोजिएको हो, आशातीत काम भने हुन सकेन । बागमतीलाई ढलमुक्त गराउन सकिएन । अधिकार सम्पन्न वाग्मती समितिले एक वर्षमा गुह्येश्वरीसम्म ढलमुक्त गर्ने प्रतिबद्धता जनाएको थियो, वर्षौंपछि पनि यो समिति राजनीतिकमात्र बनेको छ । जता पनि अति राजनीति, कार्यकर्ता पाल्ने र चुनावटमात्र हुने भएपछि बेथिति सुध्रिन्न ।

## माओवादी फाल्ने कि एमाले ढाल्ने ?



माओवादी राष्ट्रिय राजनीतिमा 'बाईबाई' भइसक्यो भन्छ सत्तारूढ एमाले । अब यो सरकार ढल्छ, अबको सत्ताको नेतृत्व माओवादीले गर्छ भन्छन् माओवादी अध्यक्ष प्रचण्ड ।

एमालेका नेता पार्वत गुरूङले त अन्तर्वार्ताबाटै माओवादी केन्द्रसँग कुनै राजनीतिक संस्कार नभएकाले आगामी स्थानीय तहको निर्वाचनमा जनताले हराई दिने दाबी समेत गरेका छन् । नतिजा चुनावले देखाउला । राजनीतिक स्थायित्व र विकासका लागि काँग्रेससँग सत्ता सहकार्य गरेको र संविधान संशोधन गरिने एमालेले बताएको छ ।

प्रचण्डले जनतालाई आह्वान गरेका छन्, कार्यकर्तालाई चुनावका लागि जोस्याएका छन्- मैले ३२ को सङ्ख्यालाई जादुको सङ्ख्या भयो भनेको थिएँ, मेरो भनाइले उनीहरूले उद्वेलित र तरङ्गित भए होलान्' । अहिले पनि हाम्रो सङ्ख्या फेरि पनि म्याजिक नै छ । त्यो भनेको गभरमेन्ट इन वेटिङ हो, पर्खिराखेको सरकार हो । यो सरकारलाई उल्ट्याएर बन्ने सरकार हाम्रै हो त्यस कारण चिन्तित हुने कुरा छैन ।'

## एमाले माओवादी दोहोरी



प्रमले चाइना 'चाइना कार्ड' खेल्न खोजेको, अपरिपक्व कदम भनेर आरोप लगाएको अन्तर्वार्ता प्रचण्डले भारतको द हिन्दुमा दिएपछि बिबाद बढेको छ । एमालेले गैह्रजिम्मेवार र आधारहीन अभिव्यक्ति फिर्ता गर्न र माफी माग्न आग्रह गरेर वक्तव्य निकालेको छ । प्रचण्ड र माओवादीले जवाफ दिएको छैन ।

एमालेले भनेको छ- प्रचण्डको अभिव्यक्तिले नेपालको भारत र चीनसँग रहँदै आएको सन्तुलित सम्बन्धलाई अवमूल्यन गरेको छ । ती देशहरूसँग रहँदै आएको पारस्परिक सम्बन्धलाई खतरामा पार्ने सम्भावना छ । परराष्ट्र नीति राजनीतिक विवादको विषय नभएको भन्दै एमालेले प्रचण्डको अभिव्यक्ति नेपालको अन्तर्राष्ट्रिय छविमै हानी पुऱ्याउने खालको छ । यो बिबादको अन्त्य हुने छाँट देखिदैन ।

## सहकारीबाट लुटिएको ६८ करोड देख्ने, ८८ अर्व नदेख्ने सरकारलाई सत्तारूढ दलकै नेताको प्रश्न




## मुस्लिम विश्वविद्यालय



डा. सलिम अन्सारीले मुस्लिम विश्वविद्यालयको माग गरेका छन् । उनी भन्छन्- मुस्लिम समुदायको आवश्यकतालाई सम्बोधन गर्ने यो सकारात्मकता हुनेछ । उच्च शिक्षाको अवसर प्रदान गर्न मुस्लिम विश्वविद्यालयले मुस्लिम समुदायको उत्थान गर्न, शिक्षामा समावेशिता ल्याउन र राष्ट्रिय विकासमा योगदान गर्न महत्वपूर्ण भूमिका खेल्न सक्नेछ ।

नेपाल संस्कृत विश्वविद्यालय, लुम्बिनी बौद्ध र क्रिश्चियन विश्व विद्यालयले पहिले नै धार्मिक शिक्षामा समर्पित संस्थाहरू सञ्चालनमा छन्, जसमा गुरूकुल, गोम्बा र क्रिश्चियन विद्यालयहरूले आ-आफ्नो समुदायका लागि धार्मिक अध्ययनको प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् भन्ने गर्दै आएको सम्झना दिलाउँदै अन्सारीले इस्लामिक अध्ययन अध्यापनमा मुस्लिम विश्वविद्यालयको आवश्यकता छ भनेका छन् ।

नेपालका तराई मुस्लिम बस्तीहरूमा रहेका ३ हजार मदरसाहरूमा आतंककारी बसोबास गर्ने आशंका गर्ने गर्छ भारत । नेपाली मुसलमानहरू हिन्दु, बौद्ध अथवा अन्य समुदायसँग सद्भावका साथ बाँचेका छन्, १६ भन्दा बढी विश्वविद्यालय स्थापित भइसकेको सन्दर्भमा मुस्लिमले विश्वविद्यालयको माग गर्नु उचित छ भन्ने धारण धेरै बुद्धिजीवीहरूको छ । हेर्नुछ, सरकारले कस्तो दृष्टि राख्ला ?

## जनजीवनमा होइन, हावामा गणतन्त्र



**लोकतान्त्रिक गणतन्त्र** ! उपचुनाव र पार्टीहरूका कृयाकलापमा तमासा नै देख्न थालियो । ठूला पार्टी एकदोस्रालाई खुइल्याउन अघि सरेका छन् । गठबन्धन नगर्ने भन्दै गठबन्धनमा जोडिएका छन् ।

पतित राजनीतिले कसरी परिवर्तन ल्याउन सक्छ ? मंसिर १६ को उपनिर्वाचनमा ठूला पार्टीहरूका नीति, निष्ठा, सिद्धान्त पतन भएको देखिने भयो भन्छन् विश्लेषकहरू । चुनावी समाचार छ- 'रूकुममा गठबन्धन : काँग्रेसले सूर्य र एमालेले रूख चिन्हबाट उम्मेदवारी दिए ।' माओवादी सत्ता सम्हाल्छु भन्दैछ, एमाले-कांग्रेसभित्र गलफत्ती सुरू भएको छ । समाज र शासनमा अराजकता र अस्थिरता बढ्दो छ । यी पार्टी र नेताले शान्ति र समृद्धि दिदैनन् भन्दै विश्लेषक भन्छन्- लोकतन्त्र, गणतन्त्रमा संविधानभन्दा माथि एउटा समूह छ ।

## सरकार भारतीय दुग्धपदार्थ आयात खुलाउँदैछ




नेपाल डेरी संघले एक विज्ञप्ती निकालेर दुग्ध पदार्थको आयात खुलाउन नहुने भन्दै सरकारको ध्यानाकर्षण गराएको छ । दुग्ध पदार्थमा नेपाल आत्म निर्भर भईसकेकाले जस्तोसुकै दबाबमा पनि भारत लगायतका देशबाट दुग्ध आयात खुलाउन नहुने संघको माग रहेको छ । तर सरकार भारतीय दबाब झेल्न नसकेर डेरी उत्पादन नेपालमा आयात खुलाउने तैयारीमा जुटेको छ ।

स्वदेशको तरकारी, फलफूललाई भन्दा बढी महत्व भारतीयलाई दिने सरकारले अब दुग्ध पदार्थ आयात खोलन लागेको छ । यो सूचना पाएपछि नेपाल डेरी संघलगायतका कृषिजन्य उत्पादनसँग सम्बन्धितहरूले सरकारको कडा आलोचना गर्दै सरकारले आयात खुला गरे कृषकहरू कडा आन्दोलनमा उत्रने चेतावनी दिन थालेका छन् । यसबारे सरकार चूप छ ।

नेपाली किसानहर चिन्ता गर्दै आक्रोशित पनि भएका छन् । नेपाली किसानहरूको उत्पादनले बजार पाउन नसकेर दैनिक लाखौ लिटर दूध फाल्नुपर्ने अवस्था छ । त्यसमाथि नेपाल डेरीले किसानबाट खरिद गरेको दुध बेच्ने तर किसानलाई मूल्य नदिने समस्या पनि ठूलै रहेको छ । गत महिनामात्र सरकारले डेरीलाई ऋण उपलब्ध गराएर किसानको मूल्य चुकाउन भनेको थियो । दूध बेच्ने, घीउ, दही, पनिर, दूध खाने तर किसानको पैसा तिर्न नसकेर घाटा भयो भन्ने नेपाल डेरी र सरकारका संस्थाहरू अचम्मकै तमासा देखाइरहेका छन् । खानेपानीको समस्या पनि यस्तै छ । फ्रिमा पानी ल्याउने, जनतालाई बेच्ने तर घाटा भयो भनेर टकटकिने समस्या गजबकै छ ।

सरकार नेपालीको कि विदेशीको हो ? नेपालीको हो भने नेपालका किसानलाई पलायन हुनुपर्ने अवस्था श्रृजना गर्न सरकार आफै किन उद्दत छ ? किसान र व्यवसायी मात्र होइन आम जनता पनि आक्रोसित भइरहेका छन् । अहिलेपनि दुग्ध पदार्थ नबिकेर अरबौं रूपैयाँ बराबरको दुग्धजन्य पदार्थ भण्डारण गरेर राख्नुपरेको व्यवसायीहरूको तर्कलाई समेत सरकारले बेवास्ता गरिरहेको छ । यो त अति भयो सरकार ।




## बुद्ध साहित्य र हामी

७ वर्षका श्रवण र निग्रोध नामका भन्तेले युद्ध जित्नुभन्दा आफ्नै मन जित्नु वास्तविक विजय हो भनेर ज्ञान दिएका छन्। व्यक्तिपूजामा मग्न भएका नेताहरू, सत्तास्वार्थका लागि सूर्यमुखी फूल चरित्र विकास गरेका नेताहरू, लाभका लागि नैतिकता र निष्ठा गुमाउदै गएको राजनीति, लोकतन्त्रलाई मुट्ठीमा कैद गर्नसक्नु नै राजनीति भनिठान्ने प्रवृत्तिको प्रकोप बढ्दैछ। के लोकतन्त्र बाजारू हुनसक्छ? के लोकतन्त्र रेडलाइट इलाकाजस्तो छाडा बन्नसक्छ? हूसीमजाक अथवा तमासालाई लोकतन्त्र मान्न सकिन्छ?

बुद्ध साहित्य सुगत सौरभका अनुसार बुद्धलाई विष्णुको अवतार मानिन्छ। चागुनारायणलाई लोकेश्वर बुद्ध मानिन्छ। मुखो अष्टमीका दिन पशुपतिनाथमा बुद्धको मुकुट राखेर पुजा गरिन्छ। बौद्ध चैत्यमा शिवलिङ्ग, यो आश्चर्यजनक विश्वास हो। यसरी नेपालको हिन्दू आस्था र विश्वभरिका बौद्धमार्गीहरूको भगवान बुद्धलाई अमेरिकाको जुत्ता कम्पनीले जुत्ताको दुर्गन्ध सुँघाएको छ। आज अमेरिकाले मुस्लिमका आस्थामाथि प्रहार गरेर फिल्म बनाउँदा लिविया, यमनदेखि विश्वभरिका मुस्लिम समुदाय एक भएर अमेरिकी झण्डामा आगो लगाइरहेका छन्। अमेरिकी राष्ट्रपति बाराक ओवामाले सौहाद्रताका लागि बोल्नु परेको स्थिति छ। भोली क्रिश्चियनका 'पोप'माथि बुद्धलाईजस्तै गरी अपमान गरियो भने क्रिश्चियन समाजले पचाउन सक्छ ? अमेरिकाले धार्मिक सौहाद्रताको नियम तोडेको छ। नेपाली सहनशीलताको सीमा छैन र ?






*प्रेम सागर पौडेल*
*अध्यक्ष- नेपाल-चाइना म्यूचुअल कोअपरेशन सोसाइटी*

२०१५ मा लिपुलेकबाट चीन र भारतले व्यापार गर्ने सहमति चीनमा भएको विषयमा नेपालमा ठूलै हल्लाखल्ला भएको थियो। नेपालले चीनलाई लिपुलेक नेपालको हो भनेर कूटनीतिक नोट पनि दिएको थियो। चीनलाई थाहा थियो र ०१९ मै कालापानीको पछिल्लो विवादबारे चीनले मुख खोल्यो। चीनले सदासर्वदा नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डताको सम्मान गर्दै आएको छ। नेपाल-भारतले मैत्रीपूर्ण वार्ताको माध्यमबाट यो समस्या सुल्झाउन्।

केपी ओली चीन जाँदैछन्। उनी नेपालको हक र हितका बारेमा, नेपाल-चीनवीचको सौहाद्रा सम्बन्धका बारेमा, नेपालमा चीनविरोधी गतिविधि बढेको सम्बन्धमा कसरी चीनको चासो संवोधन गर्ने भन्ने सम्बन्धमा चीनलाई विश्वासमा लिन सके र पहिले नै सहमति भएका बीआरआई लगायतका आयोजनामा सहमति गर्न सके भने ओलीलाई सशक्त प्रधानमन्त्री रहेछन् भनेर मानौंला। होइन भने जाने आउने र अर्काको आदेशको पालनामात्र गर्ने हो भने चीनको चिसो हट्ला र ?

नेपाल समृद्धिको मार्गमा लाग्ने हो भने चीन र भारतसँग समदूरीको सम्बन्ध राख्नैपर्छ, चीनको आधुनिकताबाट लाभ लिन प्रयत्न गर्नैपर्छ। चीन नेपालप्रति उदार छ, त्यो उदारताबाट लाभ लिन सक्नु नै नेपालको प्रगतिपथमा लागेको हुनेछ।

The Chinese side wishes Nepal and India could solve their territory disputes on Kalapani through friendly consultations and negotiations. The Chinese side has always respected for sovereignty and territorial integrity of the Nepali side. We have also noticed some irresponsible media and individual groups claiming China also encroached Nepali land. These accuses are baseless and totally aims to confuse right and wrong and divert public attentions. China and Nepal signed the Boundary Treaty in 1961 and the boundary has been delimited and demarcated. Over the years, the two sides have a good cooperation in matters such as the boundary and dry ports affairs. In October this year, President Xi Jinping paid a successful state visit to Nepal. During the visit, the two sides signed the Agreement on the Boundary Management System. China is willing to further strengthen cooperation with the Nepali side on boundary affairs to avoid interference from the outside and promote common development. Any attempt to undermine China-Nepal relations won't be achievable.

# युवा पलायत न्यून गर्ने शूत्र



भरत गौतम

मुस्ताङमा भारत: भारतीय दूतावासले मुस्ताङी थेग्चेन लिङ गुम्बामा आवास गृह र भोजन गृह निर्माण गरी धार्मिक शिक्षादीक्षाका लागि साँढे चार करोड बजेट दिएको छ। यसको सम्झौता गुम्वा र दूतावासवीच सम्झौता भएको छ। नेपालमा सिधै भारतले आर्थिक अनुदान दिन्छ, अर्थ मन्त्रालय हेरिरहन्छ, नेपाल सरकार कहाँ छ ? नेपालमा भारतीय दूतावासको प्रशासन सक्रिय हुनु उचित कि अनुचित के हो? मुस्ताङमा सरकारलाई थाहै रहेनछ, भारतीय दूतावासलाई पो कण्ठ रहेछ।

युवा पलायन न्यून गर्ने सूत्र

आर्थिक अवसर बढी हुने ठाउँमा मानिसको आकर्षण बढ्दो छ। अर्थतन्त्र बलियो भएका देश अरू देशका काबिल जनशक्ति भित्र्याउन विभिन्न अवसरबाट प्रभावित गराउँछन्। विकसित देशले सक्षम जनशक्ति तान्ने सिद्धान्त ब्रेन ड्रेनले गर्दा अन्य देशमा श्रम व्यवस्थापनमा समस्या देखिएको छ। सबल अर्थव्यवस्था हुन नसकेका देशले सक्षम जनशक्तिलाई स्वदेशमै टिकाउन हम्मेहम्मे परेको छ। सक्षम बाहिरिँदा दक्ष जनशक्ति अभावमा समग्र क्षेत्रमा समस्या देखिन सक्ने अनुमान गर्न थालिएको छ।

नेपालमा पनि दक्ष जनशक्ति स्वदेशमा टिकाउन सकिएको छैन। अन्य क्षमताका जनशक्ति पनि स्वदेशको अवसर नदेखेको अवस्था छ। गाउँबाट सहरमा बसाइँसराइ गर्ने सहरबाट विदेश जान सक्रिय हुने प्रवृत्ति बढ्दो रहेकाले जनसङ्ख्या व्यवस्थापनमा चुनौती बढ्दै गएका छन्। राज्यले विकासको सञ्जाल गाउँसम्म लैजाँदै छ तर गाउँका घर रित्तिँदै गएका छन्। अर्को सकारात्मक पक्ष विप्रेषणको प्रभाव अनुकूल हुँदै गएको देखिन्छ। स्वदेशमा काम गर्ने जनशक्तिको अभाव हुने अवस्था एकातिर छ भने अर्कोतिर स्थानीय समाजिक र संस्कारगत कर्ममा समेत समस्या देखिएका छन्। अहिलेको बिदेसिने दरलाई कम गर्न सकिएन भने सामाजिक र आर्थिक पक्ष कमजोर हुने अनुमान गर्न थालिएको छ।

राज्य तहबाट स्वदेशमै श्रम व्यवस्थापन अनुकूल बनाउने सोचको स्पष्टता देखिएको छैन। नेपाली अवसर भएका देशमा पुगिसकेका र धेरै जनशक्ति धकेल्ने सिद्धान्तबाट बिदेसिएकाले त्यस्ता जनशक्तिको नकारात्मक पाटो बढी छ। विदेश मोह बढ्दै गएको र रोकथाम गर्ने गर्न नसकिएको अवस्थाको विषय र विदेश मोह हुनुका कारण तथा समाधानका उपायका बारेमा चर्चा गर्न खोजिएको छ।

अवसरको खोजी

विश्वव्यापीकरणको अवसर व्यक्तिले पनि पाउनु पर्छ। विश्वव्यापीकरणको सिद्धान्तले सीमारहित उच्च स्तरको अवसर र सेवालाई इङ्गित गर्छ। मानिसले आफ्नो ज्ञान र क्षमताको अवसर उपयोग गर्न स्वदेश मात्र प्रयाप्त हुँदैन। अहिलेको विश्वले अब्बल ज्ञान उपयोगको अवसरका लागि ढोका खुला गरेको छ। प्रविधिको उपयोग गरी संसारभरिको अवसरको सूचना प्राप्त गर्न र आफूलाई प्रतिस्पर्धामा उतार्न पाउने भएकाले जन्मभूमि बाहिर कर्म गर्न सजिलो भएकाले विदेश मोह बढ्दै गएको हो।

स्वदेशमै श्रम उपयोग हुन सक्ने बनाउन व्यावसायिक वातावरण बनाई रोजगारी सिर्जना गर्नेतर्फ ध्यान दिन आवश्यक छ। राज्यको आर्थिक सम्भावना भएका क्षेत्र पर्यटन, जलस्रोत, सूचना प्रविधि, वन तथा कृषि, खानीका क्षेत्रमा व्यावसायिकमैत्री वातावरण बनाई मानव स्रोतको उपयोगमा ध्यान दिन रणनीतिक योजनासहित अघि बढ्नु पर्ने देखिन्छ। प्राकृतिकस्रोत, प्रविधि र मानवस्रोतबिच सकारात्मक वातावरणबाट स्वदेशमै व्यवसाय र रोजगारी गर्न सक्ने अनुकूल अवस्था सिर्जना गर्न सार्वजनिक र निजी क्षेत्र लाग्नु पर्ने हुन्छ।

स्वदेशभित्रको सम्भावना

राज्यको राजनीतिक, आर्थिक र समाजिक संरचना र अवसरको सम्भावना बिचमा कस्तो संयोग छ त्यसले पनि युवा पुस्तामा प्रभाव पार्दो रहेछ। नेपालमा प्रत्येक वर्ष थप चार लाख जनशक्ति काम गर्न योग्य देखिएका छन् तर राज्यले एक लाख जनशक्ति मात्र उपयोग हुन सक्ने अवस्था छ। अरू जनशक्ति मौसमी रोजगारी वा अर्धरोजगार हुने र बेरोजगार बन्ने प्रवृत्ति छ। हाम्रो मुख्य सम्भावना पर्यटन, ऊर्जा, कृषि, खानी र सूचना प्रविधिलगायतका क्षेत्रमा यथेष्ट रोजगारी सिर्जना गर्न सकिएको छैन। निजी क्षेत्रको रोजगारीमा सबैको पहुँच नभएको भनाइ छ। रोजगारीको माग पक्षभन्दा आपूर्ति पक्ष बढी भएकाले ज्याला जीवन निर्वाहका लागि पर्याप्त छैन। यस्तो अवस्थामा विदेशमा रोजगारीका लागि जानुपर्ने बाध्यता नै छ।

अवसरको बढोत्तरी गर्ने विषयले स्वदेशभित्रको सम्भावना प्रस्ट्याएको छ। सार्वजनिक क्षेत्रको कार्य कुशलता र निजी क्षेत्रको लगानीमा उत्साहले स्वदेशको सम्भावनाको बढोत्तरी गर्छ। विदेशी लगानी र प्रविधिको उपयोग गर्न राज्यले प्रभावकारी कदम चाल्नु पर्ने र स्वदेशको अवसरलाई बढाई मानवस्रोत उपयोग गर्न सके बिदेसिनु पर्ने दबाब कम हुँदै जान सक्छ।

शिक्षा प्रणालीको प्रभावकारिता

युवा जनशक्तिलाई रोजगारी गर्न सक्ने बनाउन शिक्षामा लगानी गर्नु पर्ने हुन्छ। शिक्षाले राजगारीका अवसर केन्द्रित सिप र ज्ञान दिनु पर्छ। हाम्रो शिक्षा प्रणाली नवपर्वतनीय ज्ञान र श्रम बजार प्रेरित हुन सकेको छैन। शिक्षा प्रणाली गरिखाने जनशक्ति उत्पादनमा चुकेको छ। सिपमूलक व्यावसायिक तालिम पनि प्रभावकारी हुन सकेको छैन। विश्वविद्यालय खुल्ने क्रम जारी छ। शिक्षा प्रणालीमा कहाँ कमजोरी छ र सुधार गर्न के गर्नुपर्छ भन्नेतर्फ ध्यान जान सकेको देखिँदैन। उच्च शिक्षा पढेका धेरै जनशक्ति बेरोजगार छन्। सिप र ज्ञानलाई बजारमा बेच्न नसक्दा विदेशमा जानु परेको छ। केही काबिल जनशक्ति भने विश्व बजारमा तान्ने सिद्धान्तबाट बिदेसिएका छन्।

शिक्षालाई श्रम बजार, नवपर्वतनीय सोच, जनजीविका र व्यवसायसँग जोड्न आवश्यक छ। शिक्षाले सिप ज्ञान र कार्यकुशलता बढाउन लाग्नुपर्नेमा हाम्रो शिक्षा पुरातनवादी भएको आरोप छ। केही काबिल जनशक्ति उत्पादन भए पनि उनीहरूको उपयोग गर्न नसक्दा बाहिरिएका छन्। राज्यले दक्ष जनशक्ति उत्पादन गर्न व्यावसायिक सिप र उच्च शिक्षा समयसापेक्ष बनाउन लगानी बढाउनु पर्ने र विश्वको शिक्षा प्रणालीलाई आत्मसात् गरी विकाउ जनशक्ति उत्पादनमा ध्यान दिन आवश्यक छ।

शासकीय पद्धतिको प्रभाव

नेपालमा राजनीतिले राम्रो गति लिन नसकेकाले होनहार युवा बिदेसिन बाध्य भएका छन् भन्ने भनाइ छ। अस्थिर राजनीति, भ्रष्टाचार बढ्दो, भनसुनको प्रवृत्ति, जनजीविका र व्यावसायिकता प्रवर्धनमा उदासीनता, रोजगारीका अवसरको कमी, गुणस्तरीय शिक्षामा कमजोर अवस्था जस्ता शासकीय पद्धतिका कमजारीले पनि युवा शक्ति निराश भई बिदेसिन चाहन्छन्। राजनीतिक दूरदृष्टि नहुनु, प्रतिबद्धताको कमजोर अवस्था र सेवा प्रवाहमा झन्झट धेरै भएकाले युवा पुस्ता निरूत्साहित भई बाहिरिने दर बढ्दो छ।

राजनीतिले शासनको बागडोर समाल्ने र जनतालाई असल नेतृत्वबाट उत्साहित गर्नु पर्नेमा स्पष्ट दृष्टि देखिन सकेको छैन। युवा पुस्तामा असल शासनको अनुभूति नहुँदा स्वदेशप्रतिको मोहमा ह्रास हुँदै गएको छ। शासन पद्धतिमा देखिएका विकृति अन्त्य गरी दूरदृष्टि भएका युवा नेतृत्वमा जान सक्ने अवस्था सिर्जना गर्ने, कानुनी शासनमा जोड दिने, जनजीविका र व्यावसायिकताका लागि उत्साहजनक वातावरण बनाउने र विश्वको प्रगतिको लाभ प्राप्त गर्न सक्षम हुने विषयमा शासन पद्धति सक्षम हुनु पर्छ र युवा पलायन हुन उत्साहित हुँदैनन्।

विदेशका सुविधाप्रति मोह

विदेशमा ग्रिन कार्ड, स्थायी बस्न अनुमति र नागरिकको दर्जा जस्ता सुविधा उपयोग गरी गुणस्तरीय जीवन बिताउनेको जमात बढ्दै गएकाले स्वदेशका युवा विदेशमा लालायित हुनु स्वाभाविक हो। विदेशमा काम गर्न अवसर धेरै हुने, उपयुक्त तलब सुविधा र जुनसुकै कामलाई पनि इज्जत र मर्यादा हुने हुँदा जस्ता पनि काममा बिदेसिन आतुर देखिएको पाइन्छ। विदेशमा काम गर्दै पढ्ने जमातको बढ्दो आकर्षणले पनि स्वदेशभन्दा विदेशमै अध्ययन प्राथमिकतामा पर्न थालेको छ। पढ्न गएका धेरै युवा स्वदेश फर्कंदैनन् र जसरी पनि गन्तव्य देशमा रोजगारी र स्थायी बसोबासका लागि प्रयत्न गरिरहेका पाइन्छन्। जसले युवा पुस्तामा विदेश मोह बढाएको छ।

बिदेसिएका युवाले रोजगारीका अवसरबाट आय प्राप्तिपछि उपभोग्य क्षमताको बढोत्तरी गरी गुणस्तरीय जीवन बिताएका हुन्छन्। विश्व प्रविधिको उपयोग र लाभ प्राप्त गर्न सजिलो अवस्था भएकाले स्वदेशमा अनुकूलता देखेका हुँदैनन्। विदेशमा जस्तै रोजगारीका अवसर बढाउने आयस्रोतमा बढोत्तरी गर्ने र उपभोग्य क्षमता अनुकूल बनाउन राज्यले तत्पर भई हाम्रा नीति नियम युवामैत्री बनाउने र उच्च प्रविधिको उपयोग र लाभ स्वदेशमै प्राप्त गर्नसक्ने अवस्था सिर्जना नगर्दासम्म युवा बाहिरिने प्रवृत्ति रोक्न कठिन छ। विदेशमा अध्ययन गर्न गएका युवाको अध्ययनपछि स्वदेशमा उपयोग गर्न लोक सेवा आयोगले सकारात्मक भर्ना पद्धतिमा जोड दिने र स्थायी गर्ने पद्धतिलाई क्रमशः कम गरी तोकिएका काम अपेक्षित परिणामका लागि समयभित्र गर्न करार प्रणालीलाई प्रोत्साहन गर्न सके युवाको ज्ञान र सिप उपयोग गरी स्वदेशको अवसरले पलायन कम गर्न सकिन्थ्यो।

अवसर, सिप र ज्ञानको उपयोग र विश्वको प्रगतिमा समाहित हुन युवा बिदेसिन्छन्। विदेश मोहमा रहेका युवालाई स्वदेशमा उपयोग गर्न सरकारले धेरै प्रयत्न गर्नुपर्ने देखिन्छ। युवालाई स्वदेशमा राख्न बाध्यकारी नीतिभन्दा उत्साहित गर्ने रणनीतिको खाँचो छ। शासकीय प्रभावकारिता हुनुपर्ने पहिलो सर्त हो भने अवसरको बढोत्तरी दोस्रोमा पर्छ। राजनीतिको सकारात्मक वातावरणले राज्यभित्रको अवसरलाई विश्व जगत्सँग जोड्न सके आर्थिक क्रियाकलाप बढ्न गई श्रम शक्तिको स्वदेशमै उपयोग हुने अवस्था सिर्जना हुन सक्थ्यो। अहिलेको अवस्था ब्रेन ड्रेनलाई ब्रेन गेनमा बदल्नु हो। अवसरको पहुँच, आयआर्जन बढोत्तरी र उपभोग्य क्षमताको सहजता ल्याउन प्रभावकारी शासन प्रणाली भए मात्र युवा पलायन न्यून



# मुक्तक लेख्ने प्रयासहरू : एकमा एक जोडेर चार हुने भए



जीवनलाई धोका दिए जीवनले दियो प्रवासी भएछु म
पैसा ठूलो मान्दा नाता टुट्यो सत्यानासी भएछु म
सबैलाई प्रेमको बन्धनमा बाँध्नको लागि झुकाएँ शिर
यस्तै गर्दा उनीहरूको नजरमा त दासी पो भएछु म ।

**- सबिता सरू शर्मा**



हरि बिजोग देखिदैछ ओत्ने छाना छैन
यो चिसोमा मुटु काम्दा छेक्ने नाना छैन
बाढी पीडित जनताहरू कसरी हो बाँच्ने
भोक लाग्दा खाउन् भने अन्न दाना छैन ।

**- अर्जुन अधिकारी**



सुरूमा भेट हुँदा निकै नै बात गर्यो उसले
मिठो कुरा गरेर दिनलाई रात गर्यो उसले
हेर्दा हेर्दै हठात् उसको चाल-ढाल बदलियों,
पहिले साथी बनेर पछी घात गर्यो उसले ।

**- नीता गुरूङ, भारत**



आफ्ना पीडा बिर्सिएर, मेरो निधार किन ? छोयौ
नरूनु है ! भन्थ्यौ मलाई, आज आफैं किन ? रोयौ
सुहाएको थियो कति, ती आँखामा कालो गाजल-
भल्भल आँसु बगाई तिम्ले, ती परेली किन ? धोयौ ।

**- मुकुन्द पौडेल**



मिसावट र कुपोषणको परिणाम हो मधुमेह
चिनी, तनाव बढ्दा बढ्ने रोगको नाम हो मधुमेह
मिसावट, कुपोषण, तनावबाट नजोगिएमा
अनिच्छा र अकालमै पुग्ने परमधाम हो मधुमेह

**- शर्मिला कार्की**



नझोस युद्धको आगो जलेर हुन्न जिन्दगी
हिँडाऊ साथ यात्रामा छलेर हुन्न जिन्दगी
हतारिँदै कुँदेको छ लतारिँदै पछारिँदै
साहसले उठाऊ भो ढलेर हुन्न जिन्दगी ।

**- उत्तम भेटवाल**



धकेल्नु वीरता होइन्, दुःखीलाई समाउन सक्नुपर्छ
शहरमा मात्र होइन, गाउँमै रमाउन सक्नुपर्छ
सम्पत्तिको पोको र घमण्डको बर्को पर राखेर
सानै होस् त के भो ! इज्जत कमाउन सक्नुपर्छ

**- गीताश्री शर्मा, सिक्किम**



सम्बन्ध होस् त आलु र तामाको जस्तो होस्
मित्रता होस् त कृष्ण र सुदामाको जस्तो होस्
अरे बलेको आगो ताप्ने त यहाँ हजारौ हुन्छन् नि
माया अनि सदभाव होस् त आमाको जस्तो होस्

**- उषा केसी**



एकमा एक जोडेर चार हुने भए
झूटो बोलेर जित्नेको हार हुने भए
नक्कली प्रेम कसैले पनि गर्दैन थिए
माया नाप्ने तेस्तो कुनै औजार भएको भए ।

**- लक्ष्मी नेपाल**



लुकाउँछु तिम्रा हजारौं गल्तिहरू भन कति लुकाउनुपर्छ
दुखाऊ जति सक्छौ तिम्रो दानवताले भन्छ दुखाउनुपर्छ
कुकुरलाई घिउ जस्तै तिमीलाईनि पच्दै पचेन सत्मार्ग
याद राख एकदिन पछुताउँदै मेरोसामु शिर झुकाउनुपर्छ।

**- तिलष्मी प्रभाष**



तातेताते छोरीका पाइला बल्ल धर्तिमा टेकिए
कैयौं अपराधले छोरीको कलिलो गला रेटिए
मन्त्री, प्रधानमन्त्री कति फेरिए,नारा उस्तै छन्
निर्मलाको हत्यारा देख्ने मान्छे बल्ल भेटिए ।

**- देवी काफ्ले**




चौबन्दी चोली र बर्को चिनेकै छ परदेशीले
कुनै बेला लाउन भनी किनेकै छ परदेशीले
चिनारी आफ्नै देशको जोगाउन भनी यहाँ
भोको पेट सही दाम त छिनेकै छ परदेशीले ।

**- जानुका खतिवडा**

# भित्ताका कान



**अरूणबहादुर खत्री**




*लघुकथाकार छविलाल खड्का*को भित्ताका कान नामक लघुकथासङ्ग्रह २०८० सालमा पाँचौ कृतिको रूपमा प्रकाशित भएको छ । उनको पहिलो कृति बिरौटो नामक साइनो सङ्ग्रह २०७७ सालमा निस्केको थियो । यस कृतिभित्र उनले लेखेका जुक्ति, श्रेय, दोष, अनुगमन, अभिशाप, रिमोट, मोह लगायत विभिन्न शीर्षकका ५६ वटा लघुकथाहरू राखिएका छन् । यसमा सङ्गृहीत ५६ वटै लघुकथा पाठकलाई प्रभावकारी रूपमा आकर्षित गर्न सक्षम रहेका छन् । यस सङ्ग्रहभित्रको जुक्ति शीर्षकको पहिलो लघुकथामा भुँइमान्छेको पनि एकरात नयाँ आइडिया फुर्‍यो स्वास्नीको पेवा गहना चोर्ने र भाग्ने । नभन्दै उसले गहना चोरेर भाग्यो भनिएको छ । अभिशाप शीर्षकको लघुकथामा श्रीमती प्रसव पीडाले छट्पटाइ रहेकी थिइन् । यातायातको साधन नपाएर ऊ चिन्तित थियो भनेर खड्काले लेखेका छन् ।

सङ्ग्रहभित्रका सबै लघुकथाहरू सवाल्टर्निक छैनन् । विषय र विचारगत विविधता खड्काका कथाहरूको विशेषता हो । कलङ्क शीर्षकको लघुकथामा दलित हक अधिकारको क्षेत्रमा खरो पहिचान बनाएका अभियन्ता धर्मदेव रवाफिलो पाराले वडा कार्यालय छिरे । औपचारिहता निभाउँदै भने सचिव, नमस्कार । नमस्कार ! नमस्कार ल बस्नुस् । के कति कामले पाल्नुभयो वडा सचिवले सोधे । बाबुको नागरिकता बनाउनु पर्ने । जन्मदर्ता हराएछ । जन्मदर्ता बनाइदिनु पर्‍यो । उनले समस्या तेर्स्याए । खड्काका प्राय: लघुकथाले गह्रुङ्गो औपन्यासिक खुराक बन्न सक्ने विषयवस्तुलाई लघुकथाभित्र अटाएका छन् । सूक्ष्मता, तीब्रता, घनत्व, व्यङ्ग्य, सन्देश, पात्रको सन्तुलन र विपरित मार्गबाट जीवनबोध गराउनु लघुकथाको आधार तत्वहरू हुन् । खड्काको लघुकथाको भाषा सरल, सहज र सुबोध्य छन् ।

लघुकथा भन्ने शब्दले छोटो कथा भन्ने अर्थ दिन्छ तर अंग्रेजी साहित्यमा भने जति लामो कथालाई पनि सर्ट स्टोरी भन्ने चलन छ । लघुकथाका सम्बन्धमा विविध परिभाषा, बिचार र दृष्टिकोणहरू छन् । जे भए पनि नेपाली साहित्यमा लघुकथाले आफ्नो अलग स्वरूप र विधा ग्रहण गरिसकेको छ । यसै सन्दर्भमा नेपाली समाजको यथार्थ भोगाइहरू यसभित्र लेखिएका लघुकथामा खारिएका, माझिएका र टलक्क टल्किएका छन् । थोरै लेखेर पनि गुणस्तरमा ध्यान दिन सके कृतिको महत्व बढ्नेछ । यस तथ्यलाई लघुकथाकार खड्काले मनन गरेका छन् । विषयवस्तुका हिसाबले बहुमुखी छन् । विसङ्गति, सामाजिक बिडम्बना, आर्थिक विपन्नता, बौद्धिक दयनियता, सांस्कृतिक विचलन जस्ता कुराहरूमा खड्काका लघुकथाहरूले व्यङ्ग्य गरिएको छ । भाषा सरल छ । कसिएको छ । प्रस्तुति मिठो छ । सुरम्य छ । लघुत्व छ । सङ्क्षिप्त छ । पढ्दा निकै आनन्द आउँछ । खड्काका लघुकथा उनले देखेको व्यक्ति, समाज र राष्ट्रका साथै सुनेका घटनामा पनि आधारित छन् । यिनका कतिपय लघुकथा समय र स्थान सीमाका रूपमा पनि आएका छन् ।

नागरिकता शीर्षकको लघुकथामा सलनकुमारको छोरो सोह्र वर्ष पुगेको थियो । समयमै नागरिकता बनाउने सोच्यो । वडा कार्यालयको सिफारिश लिएर इलाका प्रशासन कार्यालय पुग्यो । नागरिकता फाँटमा सम्पूर्ण कागजात बुझायो । सुब्बा सापले फटाफट काम गरिदिए । पन्ध मिनेटमा एक पैसा नलिएर नागरिकता बनाइदिए । नागरिकता दिदै भने चुन्निलाल ल लेऊ तिम्रो नागरिकता भनेर कथाकारले भनेका छन् । लघुकथाकारको व्यङ्ग्य चेत, सामाजिक चेत तथा समसामयिकता प्रशंसनिय छ । खड्काको लघुकथामा हाम्रो समाजको चरित्र स्पष्ट रूपमा देख्न सकिन्छ । यस सङ्ग्रहमा उनले उठाएका विषयवस्तु, जिम्मेवारी वोध र आफ्नोपनमा उनी अडिग छन् ।

ड्याडी शीर्षकको लघुकथामा रजनी निकै खुसी मुद्रामा स्कुल गेटभित्र पसी । नजिकै सर र पेमालाई देखी । गुड मर्निङ सर । आदरपूर्ण भावमा बोली । गुड मर्निङ । गुड मर्निङ । रजनी त धेरै खुसी छ त । सरले जिज्ञासा राख्नुभयो । ऊ हल्का लजाउदै हजुर सर भनी । खड्काका लघुकथाहरूले सन्देश बोकेका छन्, लघुकथा पठनीय छन् । लघुकथा सिधै भावमा व्यक्त गरिन्न । यस अर्थमा कुनै कुनै लघुकथा दोहोर्‍याई, तेहर्‍याई पढ्नु पर्ने हुन्छ । यो विशेषता लघुकथामा हुन्छ नै । समष्टिमा भन्दा लघुकथाको मर्म जान्न चाहनेहरूका लागि समेत भित्ताका कान लघुकथा सङ्ग्रह मार्गदर्शकको रूपमा रहेको छ ।

लघुकथामा कथानक विषयवस्तु यदि गहन छैन र वीज वाक्य पनि प्रभावकारी ढङ्गले प्रस्तुत गर्न सकिएन भने लघुकथा फितला बन्छन् । सबल र प्रभावकारी लघुकथामा कथाको अन्तिम वाक्यलाई उपयुक्त शिल्पकला व्यङ्ग्यात्मक वा प्रतिकात्मक लगाएर प्रदर्शन गरिन्छ । यो नै लघुकथाको प्राण तत्व हो । भक्तिभाव शीर्षकको लघुकथामा पशु र मान्छेलाई एकै दर्जामा राखेर हुन्छ । मान्छे भनेको मर्दा पर्दा चाहिने जात हो । सुबेदार साप कड्केर पशु अधिकार कर्मी छोरालाई हकार्दै थिए । यस लघुकथासङ्ग्रहभित्रको भोक दिवस शीर्षकको लघुकथामा लट्टे खुसी हुदै आमाका पछि लाग्यो । टुँडिखेलमा खाना खाने र खुवाउनेहरूको ठूलो जमात थियो । सबै भोकाहरूलाई अघाउन्जेल राम्रो खानपानको व्यवस्था गरिएको रहेछ ।

नेपाली साहित्यमा लघुकथाको आफ्नै विशिष्ट स्थान छ । आजको समयले लघुकथालाई झन् लोकप्रिय बनाएको छ । कथा आफैमा पूर्ण भएजस्तै लघुकथा पनि स्वयम्मा पूर्ण हुन्छ । अर्थात् लघुकथा कथाको संक्षेपीकरण होइन । लघुकथा आख्यानको लघुतम वा सूक्ष्मम विधा हो । लघुकथा छोटो हुन्छ तर पूर्ण हुन्छ । छोटो आयाममा जीवन र जगत्लाई समेट्नु लघुकथाको विशेषता हो । लघुकथा लोकप्रिय भएकै कारण यसप्रति लेखनको आकर्षण बढ्दै गइरहेको छ । छविलाल खड्काको अन्य कृतिहरू आउन् ।

*कृति: भित्ताका कान, कृतिकार: छविलाल खड्का प्रकाशक: हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठान, बाँके*

## अभिशप्त कुइनेताहरू : कथासङ्ग्रह

अभिशप्त कुइनेटाहरू - कथासङ्ग्रह । लेखक जीवराज भट्टराई ।

मंसिर १ गते भव्य विमोचन भएको छ । यो कथामा गाउँले जीवनमा आइपरेका अनेक कुइनेटाहरू: कथाका २२ थुङ्गाका- लाई कथासङ्ग्रहका रूपमा माला बनाउनु भएको छ । कथाहरू जीवन्त छन्, पढ्दा चित्ताकर्षक लाग्छन् ।




नेपाल स्रष्टा समाजले प्रकाशित गरेको यो कथासङ्ग्रह उत्कृष्ठ रचना हो । कथाकार जीवराज भट्टराईलाई यो सिर्जनाका लागि हार्दिक बधाई ।

## नेसास महाकवि लक्ष्मीप्रसाद देवकोटा पुरस्कारडा.बमबहादुर जितालीलाई



नेसास महाकवि लक्ष्मीप्रसाद देवकोटा पुरस्कारबाट डा.बमबहादुर जिताली पुरस्कृत हुनुभएको छ । जितालीलाई एक भव्य समारोहवीच सम्मानित गरिएको हो ।

# कविता प्रतियोगिता हुने

कपन बानेश्वर साहित्यिक साप्ताहिकले कबाको पहिलो संरक्षक सदस्य वरिष्ठ कलाकार तथा साहित्यकार हेम पौडेलको पहिलो स्मृति दिवसको उपलक्ष्यमा कविता प्रतियोगिता गर्दैछ ।

१-हेम पौड्याल र चरा
२.हेम पौड्याल र कला
३.हेम पौड्याल र सौन्दर्य

यी तीन शीर्षकहरू मध्ये एक शीर्षकमा १०० देखि १२५ शब्दको कविता मङ्सिर १५ गते भित्र मेल ठेगाना hemganga123@gmail.com मा पठाउन अनुरोध गरिएको छ । पहिलो,दोस्रो र तेस्रो हुने विजयीहरूलाई एक एक वटा हेम पौडेलको कला कृति र नगद क्रमश: १०,०००,६,०००,४,००० प्रदान गरिने बताइएको छ । माघ २० गते नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र कपन बानेश्वर साहित्यिक साप्ताहिकको आयोजनाममा हेम पौडेलको चित्र कला प्रदर्शनी,वहाँ को कविता कृति प्रकाशन र कविता प्रतियोगिता कार्यक्रममा विजयीहरूलाई पुरस्कार अर्पण गरिने कपन बानेश्वर साहित्यिक साप्ताहिकका प्रबन्धक साहित्यकार गङ्गा कर्माचार्य पौडेलले जानकारी दिनुभयो ।

*- निवन्ध आचार्य*

# एससीटी र पायोनियरवीच सम्झौता



स्मार्टच्वाईस टेक्नोलोजिज (SCT) र पायोनियर असोसिएट् प्रा. लि. (Pioneer Associate Pvt. Ltd.) बिच बिभिन्न सेवाहरू सञ्चालन गर्न सम्झौता सम्पन्न भएको छ ।

नेपाल राष्ट्र बैंकबाट भुक्तानी प्रणाली सञ्चालनको अनुमती प्राप्त स्मार्टच्वाईस टेक्नोलोजिज लिमिटेड (SCT) र दशकौं देखि बिभिन्न वित्तिय संस्थाहरूलाई बिभिन्न डिजिटल सेवा प्रदान गर्दै आएको पायोनियर असोसिएट् प्रा. लि. (Pioneer Associate Pvt. Ltd.) बिच 'कोसिस' सिस्टमको प्रयोग गर्ने सहकारी लगायत अन्य वित्तिय संस्थाहरूमा कार्ड, क्यूआर र अन्तर बैंक भुक्तानी लगायतका सेवाहरू एससिटीको सहकार्यमा हुनेछ ।

पायोनियर असोसिएट् प्रा. लि.को कार्यलयमा आयोजित कार्यक्रममा स्मार्टच्वाईस् टेक्नोलोजिज् लिमिटेड (SCT) का तर्फबाट प्रमुख कार्यकारी अधिकृत मनोज घिमिरे र पायोनियर असोसिएट् प्रा लि (Pioneer Associate Pvt. Ltd.) का तर्फबाट प्रबन्ध निर्देशक पायोनियर खड्काबिच सम्झौतामा हस्ताक्षर भएको हो । बिगत दुई दशक देखि कार्ड, क्यूआर, अन्तर बैंक भुक्तानी, मोबाइल बैंकिङ्ग लगायत भुक्तानीका बिभिन्न सेवा दिदै आएका स्मार्टच्वाईस टेक्नोलोजिज लि. (SCT) ले स्मार्ट पे ब्राण्डमा अन्तर बैंक भुक्तानी सेवा र स्मार्ट क्यूआर ब्राण्डमा क्यूआर मार्फत भुक्तानी सेवा दिदैं आएको छ । यस सेवाको सुरूवात पश्चात कार्ड र क्यूआर मार्फत गरिने भुक्तानी सेवा सहकारी, लघुवित्त लगायतका संस्थाहरूमा विस्तार गर्न अझै सहज हुने दुवै पक्षले जनाएका छन् ।




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## ४० मेगावाट बिद्युत बंगलादेश निर्यात

विद्युत निर्यात गर्ने होइन, कर्णालीलाई देउ, हामी उपभोग गर्छौं भनेर आन्तरिक माग बढिरहेकै बेलामा नेपालले विद्युत निर्यात गर्ने निर्णय लियो र भारत तथा बंगलादेशमा समेत विद्युत निर्यात सुरू गरेको छ। नेपाल पानीको धनी देश हो तर विद्युत उत्पादनका नाममा झोलामा खोला राखेर हिड्ने प्रवृत्तिले गर्दा उत्पादन हुनुपर्नेजति विद्युत उत्पादन हुनसकेको छैन। नेपालमै उद्योगले विद्युत उपभोग गर्ने तर शुल्क नतिर्ने, चुनावट धेरै हुने समस्या छँदैछ। योभन्दा बढी समस्या आन्तरिक खपतमा पुऱ्याउन नसकेका बेलामा डलरमा विद्युत बेच्न सुरू भएको हल्लाखल्ला भइरहेको छ। कतै युवा निकासी गरेर रेमिटान्सले आर्थिक अवस्था सुध्रिएको भनेजस्तो नहोस्। किनकि मोटाउनु र सुन्निएरमोटाउनुमा भिन्नता बुझ्न नसकिए अतिरोग लाग्छ।

देशमा उत्पादन हुनसकेको छैन। उत्पादन नभएपछि निकासी हुने सवालै आएन। आयातमुखी अर्थतन्त्र बोकेर लोकतन्त्र चल्न सक्दैन। किनकि आयातमुखी हुनु भनेको बेरोजगारी बढाउनु र युवा निकासी गर्नुमात्र हो। शिक्षानीतिमा सुधार हुनसकेको छैन। प्राविधिक शिक्षा दिन सके उद्यम बढ्नेछ। योभन्दा पनि समस्या प्रशासनिक झमेलाको हो। जो नेपालमा लगानी गर्न आउँछन्, तिनीहरूसमेत अनावश्यक झमेला भोगेर भाग्ने गरेका छन्। सबैभन्दा पहिला देशमा लगानीको वातावरण बनाउनु पऱ्यो। यसका लागि समस्यारहित प्रशासन र बाधाहरू हटाउनु पर्छ। तबमात्र उद्यम बढ्छ, रोजगारी बढ्छ। युवा निकसी होइन, उत्पादन निकासी हुनेछ। विद्युतको खपत स्वदेशमै बढ्नेछ, बढी भएको विद्युत निकासी गर्दा हौसला हुनेछ।

कात्तिक अन्तिम दिन ४० मेगावाट बिजुली बंगलादेश निर्यात भएको छ। तेस्रो देश विद्युत व्यापार सुरू भएको यो दिन खुशीको दिन हो। यो सुरूआत मात्र हो। आगामी सन् २०२५ को जुन १५ बाट नियमित रूपमा बंगलादेशतर्फ पुनः विद्युत् निर्यात हुने कार्यक्रम छ। हरेक वर्ष जुन १५ बाट नोभेम्बर १५ सम्म नेपालले बंगलादेशसँग विद्युत् व्यापार गर्नेछ। अहिलेसम्म नेपाल र भारतबीचमात्रको हुँदै आएको थियो, अब बंगलादेश विस्तार भयो।

नेपालका उर्जामन्त्री र भारतका विद्युत् मन्त्री मनोहर लाल तथा बंगलादेशका ऊर्जा मन्त्रालयका सल्लाहकार मोहमद फोजुल कबिर खानले भर्चुअल माध्यमबाट संयुक्त रूपमा स्विच अन् गरेर विद्युत् निर्यातको शुभारम्भ गरेका हुन्। नेपाल सरकारले विद्युत निर्यात कोसेढुंगा भएको बताएको छ। विद्युत् प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटीपीसी विद्युत् व्यापार निगमबीच गत असोज १७ गते त्रीपक्षीय विद्युत् बिक्री सम्झौता भएको थियो। विद्युत निर्यात सुरू भएको छ। नेपालको विद्युत नेपाल र भारतबीचको पहिलो अन्तरदेशीय ढल्केबर-मुजफ्फरपुर ४०० केभी प्रसारण लाइन हुँदै भारत-बंगलादेशबीचको बहरामपुर (भारत)-भेरमारा (बंगलादेश) ४०० केभी प्रसारण लाइनमार्फत बंगलादेश विद्युत् पुगेको हो। वद्युत् प्राधिकरणले त्रिशूली र चिलिमे जलविद्युत् आयोजनाबाट उत्पादित क्रमशः १८.६० मेगावाट र २१.४० मेगावाट गरी ४० मेगावाट विद्युत् सन् २०२९ अक्टोबर २ सम्म बंगलादेश निर्यात हुनेछ। प्राधिकरणले बंगलादेश विद्युत् बिक्री गरी प्रतियुनिट ६.४० अमेरिकी सेन्ट (शुक्रबारको विदेशी मुद्रा विनियम दरअनुसार ८ रूपैयाँ ६२ पैसा) पाउनेछ। तर ढल्केबरबाट मुजफ्फरपुरसम्मको प्रसारण लाइनको प्राविधिक चुहावट नेपालले बेहोर्ने छ। चुहावट कति हुन्छ, यो सबैभन्दा संवेदनशील पक्ष मानिएको। त्यस उताको चुहावट बंगलादेशको दायित्व हो। भारतले नेपाललाई यो सुविधा दिएवापत कमिशन पाउनेछ।

# नेता र प्रशासकले विवेक किन मार्छन् ?




देश नबन्नु भनेको राजनीतिको असफलता र प्रशासनको असक्षमताले हो। समृद्ध नेपाल, सुखी नेपाली भनेर धेरै झ्याली पिटियो, न नेपाल समृद्ध बन्यो, न नेपाली सुखी ?

यसकारण प्रश्न उठ्यो- नेता र प्रशासकको विवेक किन घाँस चर्न गयो ? विवेकशील बनेका भए आफ्ना कर्मको आफैले विवेचना गर्दा हुन्, कहाँ कहाँ चुक भयो ? सच्याउँदा हुन्, सही मार्गमा लाग्नेथिए, लागेनन्। अझै पनि नेतृत्व उही बाइफाले चालमा छ, प्रशासनलाई अति राजनीतिकरण गरेर अपराधिकरणतिर उन्मुख पारिरहेका छन्।

गल्तीमाथि गल्ती गर्ने राजनीति नसुध्रिदा, राजनीतिले भ्रष्टाचारलाई सदाचार बनाइरहँदा देशको यो बेहाल हुनपुगेको हो, जनताले दुःख पाएका हुन्। यथार्थ यही हो, नेता र प्रशासकको विवेक किन घाँस चर्न गयो ?

कहिले माओवादी, कहिले कांग्रेस, कहिले एमाले र ससाना पार्टी पनि सत्तामा पुगे। तर तिनले कात्रोमा खल्ती हुँदैन भन्ने बिर्सिए। शासक प्रशासक जुका नियतिका बनिदिनाले धमिलोपन बढ्यो, अन्यौल बाक्लियो। चाँदीको घेरा समेत देखिएन। शासक प्रशासक कस्तो कालोबादलजस्ता हुन्, नेपालीका भाग्य र भविष्यमा मृत्युका डरलादा छायाँ देखिन थालेका छन्। सुनमा कली बस्छ भन्थे, सत्तामा कली बसेछ।

गिदी टाउकामा हुन्छ। राजनीतिमा सयौं जिब्रा छन्, टाउका छैनन्। अरूले हल्लाए हल्लिने, अरूले नचलाए नचल्ने ठिमीले किसानले खेतबारीमा गाडेको बुख्याँचाजस्तो। राजनीति र प्रशासन मुर्कट्टाजस्तो छ। टाउको नभएपछि विवेक हुँदैन। विवेक नभएपछि न्याय मर्नेरहेछ, लोकतन्त्र मूर्दा बन्ने रहेछ। संविधान छ, बोलीमा लोकनीति पनि छ तर व्यवहार उल्टो। उदारता शून्य, ईषालु र विषालु।

राजनीति पिचासजस्तो देखिन्छ। धोका खाएका प्रेमीका, अनाहकमा मारिएका छोरी बुहारी, जबरजस्ती मारिएका व्यक्तिहरू, अस्वभाविक मृत्यु भएकाको भड्किएको आत्मा कतै ठाउँ नपाएपछि वायु बन्छन् र परिवारलाई पिराइरहन्छन्। यसकारण नेपालको राजनीतिमा प्राण कम पिचास बढी छन्। देश र जनतालाई पिरीरहेछन्। सदावहार राजनीति र प्रशासनले, कहिले कहिले प्राकृतिक प्रकोपले पिरोल्छ। राजनीतिले सदैव देश र जनता चपाइरहेछन्।

अकालमा मरेका, मारिएका, शोषणमा परेर आत्महत्या गर्न बाध्य भएकाहरूको पीरको भारी देशमाथि छ। तर राजनीति र प्रशासन पीरमाथि पीर थपिरहेछ। आधुनिक विज्ञान अन्धविश्वास भन्ला, तथापि विज्ञान नै भन्छ- वेद र साङ्ख्यदर्शनका कारण आविष्कारहरू सम्भव भएका हुन्। आधुनिकताका प्रणेताहरू स्वस्थानीमा पिएचडी उपाधि दिन्छन्, हिन्दुधर्म ग्रन्थलाई पाठ्यक्रममा राख्छन् र अध्यापन गराइरहेका छन्। यहाँसम्म कि अष्ट्रिया, जर्मनमा त भूत पिचास, तन्त्रमन्त्र र बोक्सी विद्यासमेतलाई कानुनी मान्यता छ। नेपाल त त्यसै पनि तन्त्रमन्त्रको देश, मन्दिरै मन्दिरको देशमा हरेक मन्दिरका गर्भगृहदेखि टुँडालसम्म तन्त्र नै तन्त्र व्याप्त छ। अनेक मन्दिर, पशुपतिनाथको नित्यपूजासमेत तन्त्रमन्त्रबाट हुन्छ। विदेशीहरू नेपालका तन्त्रमन्त्र विद्याबारे अनुसन्धान गरिरहेका छन्। कोभिड १९ को प्रकोपले थिलथिलो पारेको अमेरिकामा राष्ट्रपति निवासमा हिन्दुशास्त्रका मन्त्रहरू पढियो, पूजाआजा, होम र गायत्री मन्त्र जप धेरै ठाउँमा भयो। अविश्वासभित्र विश्वास छ। हामी पूर्वीय दर्शनभित्रको रहस्य गुमाउँदै छौं। नेपालमा अन्धविश्वासका नाममा तन्त्रमन्त्रलाई बिनष्ट पारिदैछ। कति विश्वास गर्ने, कति नगर्ने, कति आधुनिकता अपनाउने भन्ने विषयसमेत बहसमा छैन, बसह गरिदिन। विदेशी प्रभाव र दबाब यति धेरै बढेको छ कि धर्म, संस्कृति, परम्परालाई समेत समाप्त पार्ने षडयन्त्र भइरहेको छ।

यो कालखण्डमा मुख्य सवाल नेपालको वर्तमान र भविष्यको हो। राजनीतिले किन दिगो शान्ति र अग्रगामी समृद्धिको कोर्स लिन सकेन ? असफल राष्ट्रमा हुने लक्ष्यणहरू बढ्दै गएका छन् ? नेपाललाई लागेको महारोग हो- नातावाद, चरित्रहीनता, बेइमानी, जावफदेही नहुनु र र भ्रष्टाचार। भ्रष्टाचार र अनियमितताको बाढी र पहिरो रोकिने छाँट देखिदैन। कारण- राजनीति अपराधकरण भइसक्यो। नेता नैतिकहीन भएपछि शासन विधिमा चल्ने छाँट छैन। जबसम्म विधिमा शासन प्रशासन चल्दैन, केही बन्दैन।

समयले सुधार्ला, आशा गरौं। किनकि समयभन्दा बलवान कोही छैन। समयले धेरै अमानवीयलाई मानवीय हुन बाध्य पारेको इतिहास छ।

सत्य हो, ०४६ सालपछि जो जो सत्तामा पुगे, आनन्दले रजगजमात्र गरे। हरेक नेता देशघातक त कोही जनघातक बनेर बदनाम भए। लोकतन्त्रमा पनि तिनै नेता छन् र अझै बदनाम छन्। जनविश्वास गुमाएका छन्। जनताले दण्डित गर्न र सुधार्न नसक्नु जनताको कमजारी हो। तर अफगानिस्तान, श्रीलंका, बंगलादेशमा जे देखियो, पछिल्लोपल्ट भारतमै मोदीको जे हालत छ, त्यसबाट आशा गर्न सकिन्छ, परिवर्तनको हावासँगै नेपाली जनता चलनेछन्, शासनपद्धति सुधार्ने छन्। विधियुक्त परिवर्तन स्थापित गर्नेछन्।

भ्रष्टाचारको आरोपमा इन्डोनेसियाका मोहमद सुहार्तो, फिलिपिन्सका फर्डिनान्ड मार्कोस तथा जोसेफ इस्ट्राडा, सर्बियाका स्लोबोदान मिलोसेभिक, पेरूका अल्बर्टो फुजीमोरी, नाइजिरियाका सनी अबाचा, हाइटीका जाँ-क्लाउड दुभालियर, निकारागुवाका अर्नोल्डो अलेमान र उक्रेनका पाब्लो लाजेरेन्को, श्रीलंकाका राजापाक्षलाई जसरी दण्डित गरियो, उदाहरण अनेकछन्, नेपालका भ्रष्ट, जनविरोधीलाई नेपालीले दण्डित गर्नेछन्।

नेपालमा भ्रष्टाचार मौलायो, नीति मऱ्यो, नैतिकता रहेन, लोकलज्जा कुनै नेतामा रहेन। यसो भन्दैमा सधैं यो अवस्था रहँदैन, परिवर्तन त आउँछ आउँछ। परिवर्तन समयले ल्याउँछ ल्याउँछ। यो जे खायो पचायो अवस्था रहिरहने छैन।

जनताको माँगअनुसार लिपुलेक, लिम्पियाधुरा, कालापानीसहितको नक्सा जारी भयो। नक्सा जारीभएपछि नोटमा छापिनु ठूलो कुरा होइन। चीनमै नोट छापिनु भनेको ठेक्का बोलकबोलमा हो। यो पनि मुद्दा होइन। खास मुद्दा त, नेपालले उत्तर दक्षिण दुबैतिर समदूरीको सिद्धान्तमा अड्न सक्नु हो। असंलग्न हुनैपर्छ। प्रमले पहिले दिल्ली भ्रमण गर्न खोजेकै हो, दिल्लीले बेवास्ता गरेपछि चीन जानुपर्ने भएको हो।

***प्रम केपी ओली चीन जाँदैछन्। चीन पुगेर झापामा औद्योगिक पार्क र चीनले अनुदानमा रेल बनाइदिने सम्झौता हुनसक्यो भने ठूलो उपलब्धि हुनेछ। अझ चीनले नेपालले माग गरेअनुसार पोखरा एयरापोर्टको ऋणभार अनुदानमा रूपान्तरित गरिदिए यो भ्रमणको सार त्यही हुनेछ। हेरौं, यो गठबन्धन सरकारको हिम्मत, हैसियत, ल्याकत कति छ ? चीन भ्रमणपछि मापन हुने नै छ।***

जबदेखि संविधानमा चुच्चेनक्सा समावेश गरियो, त्यसबेलादेखि भारतले नेपाल चीनतिर ढल्केको आरोपमात्र लगाइरहेको छैन, नेपाल चीनको आदेशमा चलन थालेको आरोप पनि लगाइरहेको छ। यो अतिशयोक्तिपूर्ण कुप्रचार हो। यसबाट पनि थाहा हुन्छ- भारत नेपाललाई ठेगान लगाउने र लिपुलेक, कालापानी पचाउने दाउमा छ। यही कारण भारतबाट धम्की आइरहेको छ- तिब्बत, पाकिस्तानजस्तो बन्ने कि भारतसँगको विशेष सम्बन्धमा बस्ने ? कांग्रेस एमाले गठबन्धन सरकार प्रमुखको चीन भ्रमणबाट नेपालको स्वतन्त्र अस्तित्व मजबुत पार्ने जग हाल्नुपर्नेछ।

नेपालले अमेरिकामा ट्रम्पको जीत र रूस तथा भारतसँगको ट्रम्पका नीतिका कारण नेपालले धेरै लाभ लिनसक्ने वातावरण पनि बनाउनु पर्छ। यसका लागि विज्ञ, विशेषज्ञसँग नेपाल सरकारले छलफल गरे उचित मार्ग निस्कनेछ। त्यसै पनि एमसीसीका कारण अमेरिका नेपालप्रति बढी नै चासो राखिरहेको छ। खतरामात्र देख्ने होइन, अवसर बनाउनुपर्छ।

१८ वर्षसम्म जे भयो, त्यो सत्ता खोसाखोसमात्र भयो। जनताका अपेक्षा संवोधन गर्ने प्रयास नै भएन। आफ्ना प्रतिबद्धता पूरा गर्ने कार्य पनि भएन। जनताको आँखामा छारो हालेर सधैं झुक्याउन सकिदैन भन्ने हेक्का शासकहरूले राखेनन्। यी शासक प्रशासकहरू किन बुझ्दैनन्- कात्रोमा खल्ती हुँदैन। मरे कीर्तिमात्र रहन्छ।

राजनीतिको लथालिङ्गे चाला देखेर बुझकीहरू भन्छन्- धुन्धुकारीजस्तो छोरो नभएकै जाति। अर्थात् लोकतन्त्र लोकका लागि अभिषाप भयो। अमेरिकाभन्दा पनि जेठो मुलुक हो नेपाल। १८ जेठो मुलुकहरूमध्येको स्वाधीन मुलुक हो। पुर्खाले देश बनाएर गए, वर्तमान पुस्ताका नेताहरूले यहाँ सत्ता र सम्पत्तिका लागि सधैं महाजाल, महाभारत, महासङ्ग्राम चलाइरहे। समृद्धमार्ग होइन, पतनमार्ग नेतृत्वको नीति राजनीति बन्यो।

खुब भनेका थिए कुनै विद्वान्ले- नेपालमा राजनीति गर्न बुद्धि, विवेक र नैतिकता चाहिँदैन। मै जान्ने, मै ठूलो, म नै राज्य हुँ भन्ने अहं राखेर अपराधीसँग लसपस गरे पुग्छ। आचरण त्यागे पुग्छ। अर्थात् लोकतन्त्र असफल हुनु र समाज परिवर्तन नहुनुको मुख्य कारण नेताको कुआचरण हो।

इतिहासमा एउटा घटना छ- नेपोलियन बोनापार्टको सभामा निम्त्याइएका अनेक विधाका व्यक्तिमध्ये एक चित्रकार पनि थिए। चित्रकार अलि पुराना लुगा लगाएर गएकाले नेपोलियनले उनको स्वागत गरेनन्। सभा सकियो, सबै फिर्ता जानलाग्दा ती चित्रकार पनि उठेर हिड्न लागे। अनि नेपोलियनले ती चित्रकार सामु गएर हात मिलाए, ढोकासम्म पुऱ्याउन पनि गए। चित्रकार चकित पऱ्यो, अरू अतिथिहरू पनि आश्चर्य मानेर हेर्दै थिए। नेपोलियनले सबैलाई सुनाएर भने- जो कार्यक्रममा आउँछन्, आउँदा तिनको परिधान, राम्रो लुगालाई स्वागत गरिन्छ। जाने बेलामा जुन आदर गरिन्छ, त्यो व्यक्तिको गुणलाई हेरेर गरिन्छ। यत्ति लेखिसकेपछि लेख्न बाँकी एउटै कुरा छ- ०३६, ०४६, ०६३ सालपछि यति ठूला ठूला परिवर्तन भए, जनताले परिवर्तनको अनुभूत नै गर्न पाएनन्। परिवर्तन नेता, प्रशासकका लागि पञ्चदेवलको निशुल्क पाइने हण्डी बन्यो, जो यिनीहरू अद्यापि खाइरहेछन्।

मरेपछि रहने कीर्ति हो, नाम, कुनाम हो। नेता र प्रशासकको विवेक किन घाँस चर्न गयो ? यिनमा विवेक भन्ने किन जागृत हुनसकेन ? अचम्म छ।




# बाइडनको निम्तो र भेटवार्ता



अमेरिकी राष्ट्रपति जो बाइडन र भावी राष्ट्रपति ट्रम्पवीच कात्तिक २८ गते ह्वाइटहाउसमा सौहाद्रपूर्ण वातावरणमा भेटवार्ता भयो । यो भेटवार्तामा शान्तिपूर्ण तरिकाले जनवरी २० मा सत्ता हस्तान्तरण गर्ने सन्देश सार्वजनिक भएको छ ।

यो भेटको रमाइलो पक्ष के रह्यो भने राष्ट्रपति बाइडनले हात मिलाएर ट्रम्पलाई चुनावी जीतको बधाइ दिएका छन् । राष्ट्रपति बाइडनले ट्रम्पलाई कुनै समस्या नहुने गरी सत्ता हस्तान्तरण गर्ने र सत्ता हस्तान्तरण पछि पनि सघाउ हुने जनाउ दिएका छन् । तर उपराष्ट्रपति कमला ह्यारिस भने गएकी थिइनन् ।

स्मरणीय छ, २०२० मा ट्रम्पले चुनाव हार्दा ट्रम्पले यस्तो संस्कार देखाएका थिएनन् । सपथग्रहण समारोह पनि बहिष्कार गरेका थिए । ट्रम्प समर्थकहरूले तोडफोडसमेत गरेका थिए । तर यसपल्ट त्यस्तो नहुने संकेत थियो यो ।

# दैलेखमा पेट्रोल निस्किदैछ



चीनको दुई अर्ब ५० करोड अनुदानमा दैलेखमा थालिएको पेट्रोलियम पदार्थको अन्वेषण अन्तिम चरणमा पुगेको छ । भैरवी गाउँपालिका -१ जलजले क्षेत्रमा४ हजार मिटर गहिराईमा ड्रिलिङ गरेर पेट्रोलियम पदार्थको अन्वेषण भइरहेको हो । भूगर्भ महाशाखा, चाइना जियोलोजिकल सर्भे तथा सिबु ड्रिलिङ इन्जिनियरिङ कम्पनीले 'ड्रिलिङ' जारी राखेका हुन् । पेट्रोल निस्किने आशा बढेको छ । पेट्रोलको सम्भावना बढेपछि कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल र राजधानीका अनेक विज्ञ त्यहाँ पुगेर प्रगति हेर्दैछन् । खासगरी भारत र पश्चिमालाई आश्चर्य लागेको छ ।

# नेता र नेताको गिरफ्तारीको प्रश्न



**सुरेशकुमार पाण्डे**

रास्वपा अध्यक्ष रवी लामिछाने गिरफ्तार भएपछि पार्टीका कार्यक्रताहरूमा सहनशीलताको बाँध टुटेको देखियो ।

रूपन्देही, पोखराको प्रदर्शनले यस्तै परिदृश्य देखिन्छ । जुन न्यायमाथि राजनीतिकरणको अर्थमा हेरिदैछ । राजनीतिक दबावले न्यायमा प्रभाव पर्छ कि पर्दैन, यो गम्भीर प्रश्न हो ।

के देशमा यो भन्दा पहिले कसैलाई प्रशासनले कठ्घेरामा पुराएन त ? निश्चितरूपमा नेताहरू जेल पुगे र जेलबाट रिहा पनि भए । कतिपय अपराधीजव्य नेताहरूले मौकाको फाइदा उठाएर अनमुक्ती पनि पाए । समय सबैभन्दा बलवान हुन्छ भन्नेकुरा हामी मध्य कसैले पनि भुल्नु हुँदैन । कानुनभन्दा माथि कोही हुनसक्दैन भन्ने पनि यथार्थ हो । विधिको शासन हुनैपर्छ ।

अति गरेकै हो, प्रभावका भरमा कसैले माफी पाए र उनमुक्त भए । कसैले सजाय पुरा गरेर निस्किए । कतिपय सजाय भोगिरहेका छन् ।

कुनै राजनीतिज्ञलाई राजद्रोहीको आरोपमा गिरफ्तार गरेपछि उन्का शुभचिन्तक वा कार्यक्रताहरूले रोश प्रकट गर्नु, विरोध प्रदर्शन गर्नु उनिहरूको अधिकार भित्रको कुरा होला । गर्न सकिन्छ गणतन्त्रमा यस्ता उठेका आवाजहरूलाई सम्मान गरिन्छ । तर आजाज शान्तिपूर्ण रूपमा उठ्नुपर्छ, आवाज रोकिनु हुन्न ।

एउटा नेतालाई लगाएको आरोप माथि छानविन आयोगले छानविन गरेर सङ्कास्पद् अबस्थामा हिरासतमा लिन खोज्दा र दोषीले आत्मसमर्पण गरिसकेपछि पनि प्रशासनले उसलाई हिरासतमा लिँदा यसरी कार्यकर्तालाई जनतामा विरोध प्रदर्शन गर्न लगाएर आफु चोखिन खोज्नु राम्रो सङ्केत भने होइन । हामी सबै मिलेर एउटा सम्विधान देशको हितमा, एउटा कानुन बनाएका हुन्छौँ । त्यो हामीले बनाएको कानुनलाई सबैले सम्मान गर्नुपर्दछ । मान्नुपर्छ ।

ती जनता र कार्यक्रताले पनि गम्भिर भएर सोच्नुपर्ने हुन्छ । आखिर हामीले हाम्रो देशमा कस्तो व्यवस्था चाहिरहेका छौं ? रवि लामिछानेलाई आयोगले क्लिनचिट दिएको होइन बरू सहकारीमा भ्रष्टाचार भएको कुरा त सत्य हो । उनी त्यसमा सामिल छन् की छैनन् भन्ने कुरा त छानविन पछि प्रमाणित अवश्य हुन्छ । अहिले उनि न्यायालयको अधिनस्त छन् तर उन्का कार्यकर्ता अहिले पनि सहनशीलता अपनाउन सकिरहेका छैनन् । सुरू सुरूका दिनहरू भन्दा विस्तारै बादल फाट्दै गएको आभास हुन्छ । हामीले सही व्यवस्था चाहन्छौँ भने त्यसको लागि कानुनमा भरपर्नु पर्छ पर्छ ।

धेरै दिन भएको छैन भुपु उपप्रधानमन्त्री टोपबहादुर रायमाझी र निवर्तमान गृहमन्त्री बालकृष्ण खाँड पक्राउ हुँदा बिधिको शासनका कुरा गर्ने पनि यिनै हुन् । अहिले खै त बिधिका कुरा ? सहकारीमा जनताको रगत पसिनाको कमाईलाई हिनामिन्हा भएको सही हो भनेर छानविन आयोगले रिपोर्ट ल्याइसके पछि यत्रो बबाल र लफडा किन ? छानविन त गर्नै पर्यो । जेवी राई, छबिलाल पनि त हिरासतमा छन् । उनीमाथि मात्र कसरी प्रतिषोध भयो ?

हो, रविमाथि ६८ करोडको सहकारी हिनामिनाको आरोप छ । यथार्थमा सहकारीमा ८८ अर्वको हिनामिना छ । ६८ करोड र रविमाथि मात्र छानबिनको होहल्ला गर्दा त्यति ठूलो घोटालामा चाहिं किन कडिकडाउ छानबिन हुनसकेको हो ? यसकारण पनि प्रतिषोधको प्रश्न उठेको हो । कुनै पनि सहकारी घोटाला गर्नेमाथि आफ्नो मान्छे र पराइमान्छे भनेर भेदभाव गर्नु हुन्न । जोसुकै होस्, जनताको बचत लुट्नेमाथि गम्भीर छानबिन हुनैपर्छ, कडाभन्दा कडा कारवाही हुनैपर्छ । कुनै पनि घोटाला गर्ने व्यक्ति छुट्नु हुन्न ।

रविमाथि छानबिन हुनुपर्छ । तर अन्य सहकारी लुटेरालाई छुट किन ? राज्य लाग्यो भने कुनै पनि लुटेरा विश्वमा कहीं पनि लुक्न सक्दैन । रविमाथिको ६८ करोड र अन्य सहकारी लुटेरा जसले ८८ अर्व जनताको बचत लुटेका छन्, तिनीहरूलाई पनि पक्राउ गरेर छानबिन गर्न अघि सरे सरकारले स्वावासी पाउन सक्छ । अन्यथा विभेदी देखिनेछ ।

साँच्चैभन्दा रवी लामिछाने निर्दोष छन् कि दोषी ? अदालतले छुट्याउने छ । अन्य लुटेर को को हुन्, जनताले कठघरमा हेर्न चाहेका छन् । विधिको बिधानले शासन चल्नुपर्छ । मनपरि गरेर कानुनको धज्जी उडाउन दिनुहुन्न, सरकार सचेत होस् ।

सहकारी सञ्चालक जो भागेका छन्, जो लुकेका छन्, जसमाथि कारवाही चलाइएको छैन, सबैभन्दा बढी सत्तारूढ दलका नेताहरू छन् । जो डामिएका छन्, तिनीहरूले यसरी आन्दोलित भएर आफुलाई मुक्त गराउन खोज्नथालेका छन्, जो बीचबचाउमा लागेका छन्, तिनीहरूले पनि बिधि मिचेका छन् । यो अवस्थामा आम सर्वसाधारणहरूले कसको भर पर्ने ? आखिर राजनीतिक शक्तिले यसरी मनपरी गर्न थाल्यो भने त आपसमै मारकाट हुनसक्छ । रवी लामिछाने मात्र होइन, हरेक सहकारी पीडकलाई अनुन्धानको दायरामा ल्याउनुपर्छ । जनताको बचत लुटेर भाग्न पाउनुहुन्न ।

यतिबेला एउटा गम्भीर प्रश्न उठेको छ, कतै रवि लामिछानेका नाममा अन्य सहकारी पीडकलाई बचाउन विषय विषयान्तर गरिएको त होइन ? शंका उठेको छ ।

देशभित्र नाबालिग माथि बलात्कार हुँदा चुप, भ्रष्टाचार हुँदा चुप, विदेशी साम्राज्यावादको चलखेल हुँदा चुप, देशका सिमानाहरूमा भूमि अतिकमण हुँदा चुप, भुटानीहरूको नाममा युवाहरूलाई मोटो रकम लिएर अमेरिका पठाउँदा चुप, मैन पावरहरूले युवाहरूलाई लुट्दा चुपचाप तमासा हेरेर बस्ने पार्टीका झोलेहरू आफ्नो नेताको गिरफ्तारीमा बबाल खडागर्छन् किन ?

यस्तो पनि गणतन्त्र हो ? पुँजिवादी गणतन्त्रमा विधिको बिधान हुनैपर्छ । हाम्रो देशको सम्विधानमा समाजवाद उन्मुख उल्लेख छ । आफैले बनाएका नियम कानुन होलान् । आफैले बनाएको नियम आफुले पालना गर्नुपर्दा लाञ्छना लगाउने, भाग्ने गर्नु अनुचित हो । राजनीतिलाई अपराधतन्त्र सहकारी ठगहरूले गरेका छन् । यो अवस्थामा कानुनको राज कसरी स्थापित गर्ने, यो प्रश्न हरेक पार्टीका सामु उभिएको छ । यो प्रश्न रवि लामिछानेका सामुमात्र होइन, ८८ अर्व जनताको बचत लुट्नेलाई के दण्ड हुन्न ? रवि लामिछानेको चर्चा चलाएर अरू लुटेरले उन्मुक्ति पाउँछन् ? जनताले बचत पाउने कि नपाउने ? राज्यले जवाफ दिनुपर्ने दिन आएको छ ।

देशमा अनेक समस्या छन् । भ्रष्टाचार देखि कुशासनसम्मका कारण खोज्नुपर्ने छ । तर रवि लामिछानेको झ्याली पिटेर सबै मुद्दालाई किनारा लगाउने षडयन्त्र त भइरहेको छैन ? ठगीमा रवि लामिछानेलाई मात्र होइन, प्रमाणित भए सबैमाथि कारवाही हुनुपर्छ, त्यो प्रतिपक्षी, सत्ताधारी भनेर कुनै हालतमा छुट पाउनु हुन्न । देशभित्र गणतन्त्रको संगसगै सङ्घीयता भित्रियो अरू सभासद, मन्त्री मुख्य मन्त्री र परदेशको राजधानीको लागि लडे तर कुनैपनि पार्टी नेकपा मसाल वा राजमो बाहेक अरू पार्टीहरू कसैले पनि सङ्घीयताको बिरोध गर्न सकेनन् । संघीयता भार भयो, सङ्घीयता खारेज गर्न कसले रोकेको छ ? संघीयताका नाममा खुलेआम भ्रष्टाचार हुँदै आएको छ तर त्यसको बिरूद्धमा आवाज उठेनन् । लोकतन्त्र भनेको यस्तै बेथिति हुन्छ ?

भ्रष्टाचार गर्ने, चोखिन बिरोध गर्ने, भ्रष्टाचारबाट उन्मुक्ति खोज्ने तरिकाले देशको भलो हुँदैन, यो चालाले सत्यानाश हुने टड्कारो छ । हामी सच्चा नागरिक कहिले बन्ने ? संविधान संशोधनको बहस चलिरहेको छ । संघीयता खारेज गरेर बिकेन्द्रीकरणमा जोड दिने र भ्रष्टाचारमा शून्य सहनशीलता अपनाउने आमसहमति हुनु जरूरी छ ।

# चुच्चे नक्सा हामीसँग, भूमिचाहिं भारतसँग

यो कस्तो लोकतन्त्र हो, जसले संविधानअनुसारको सार्वभौमिकता र राष्ट्रिय भूमिको रक्षा पनि गर्न सक्दैन ?

यी कस्ता नेता हुन्, जिब्रो तालुमा टाँसेर बस्छन्, आफ्नो भूमिको हकाधिकार आफैले गर्न पाउनुपर्छ भन्न सक्दैनन् ?

संविधान कार्यान्वयन भयो, कहाँ भयो, सत्ताको प्रतिस्पर्धामात्र हो संविधान ? संसदमा चुच्चेनक्साबारे किन उठ्दैन ? चुच्चे नक्साका भूभागमा नेपाल सरकार कहाँ छ ? खोज्नुपर्दैन ? चुच्चे नक्साका भूभागमा सरकार, सांसद किन जान सक्दैनन् ? त्यसै चित्रबहादुर केसीले रोइलो गरेका होइनन्- यस्ता भ्रष्ट र स्वार्थी नेताले देशै बेच्ने भए भनेर ।

चुच्चे नक्सा संविधानमा छ, चुच्चे नक्सा कागजमा छ । यथार्थमा चुच्चे नक्साका भूभाग भारतले खाइसक्यो । भारतीय शासक नेपाललाई जानकारी नै नदिई ती भूभाग भारतको भन्छन् र। भारतीय योजनाअनुसारका काम भइरहेका छन् । नेपाल बेखबर जस्तो गरी मौन तमासा हेरिरहेको छ। यो कस्तो लोकतान्त्रिक राजनीति हो ?

नेपालले यी क्षेत्र संविधानमा दावी गरेको छ तर राष्ट्रसंघका महासचिव नेपाल आउँदा नेपालले नक्सा पेश गर्न सकेन, तत्कालनि प्रधानमन्त्री अमेरिका गए, चीन गए, नेपालको नक्सा उपहारमा दिन सकेन । फेरि हालका प्रम ओली चीन जाँदैछन्, नेपाली नोटमा चुच्चेनक्सा चीनलाई नै छाप्न दिइएको छ । भारत भन्छ- चीनको लहैलहैमा नेपाल लाग्यो । १४ डिसेम्बर १९५५ मा राष्ट्रसंघको सदस्य हुँदा पेश गरेको नक्सा र झण्डा नेपालले देखाउन सक्नुपर्छ । भारतमाथि कूटनीतिक दबाब दिन नेपाल अघि सर्नुपर्छ ।

आफ्नै भूमि कहाँ छ, सीमा कुन अवस्थामा छ, स्वराजमा छ कि छैन भनेर नबुझ्ने अबुझहरू जनप्रतिनिधि बनेका छन् । नेपालको भूभाग कति हो, सीमा सुरक्षित छ कि छैन ? लोकतन्त्रमा न्यायपूर्ण समाज सिर्जना गर्न सकियो कि सकिएन ? संविधान र विधिको शासन कायम भयो कि भएन ? न चुनावमा मुद्दा उठ्यो, न संसदमा मुद्दा बनाइएको छ ।

अखण्ड नेपालका मुद्दा चुनावपछि कुनै पनि नेताले उठाएनन्, संसदमा कुनै प्रस्ताव पुगेन, बहस भएन । प्रधानमन्त्रीले भारत भ्रमण गरे, भारतका प्रम मोदीसँग वान टु वान र सामुहिक छलफलमा बस्दा समेत नेपाली भूभागका बारेमा कुनै चासो राख्न सकेनन्, यसको अर्थ नेपाल कूटनीतिक रूपमा कति असक्षम रहेछ भन्ने हो ।




१९६२ नोभेम्बरदेखि भारतले कब्जा गरेको नेपालको कालापानी क्षेत्र भारतले खायो । लिपुलेक, लिम्पियाधुरासमेत भारतले आफ्नो नक्सामा हालिसक्यो, शासन कायम गरिसक्यो । आफ्नै भूमिमा जनगणना समेत गर्न सकिएन । चुनावमा मतदान हुन सकेन । ती क्षेत्र नक्सामा ल्याइयो, हकभोग भारतको छ । नक्सामा भएका भूभागसमेतको बेवास्ता गर्नु यी कस्ता लोकतन्त्रवादी नेता होलान् ?

राष्ट्रको भूभागका विषयलाई महत्व दिन नसक्नु दुर्भाग्यपूर्ण राजनीति हो ।

नेपाली भूमि भारतले ६३ वर्षदेखि खाइरहेको छ । ७१ स्थानमा सीमा अतिक्रमण गरेर नेपाली भूभाग लुटिरहेको छ । सीमाक्षेत्रमा भारतीय ज्यादति बढिरहेको छ । नेपालीमाथि हरेक दिनको दुर्व्यवहार, लुटपाटका घटना आपत्तिजनक छ। यस्ता विषयमा समेत सरकारले भारतको ध्यानाकृष्ण गर्न सकेको छैन ।

सक्रिय राजतन्त्र काल ३० वर्ष मात्र हो । ०४६ सालपछिको ३५ वर्ष बहुदल र ०६५ पछिको १८ वर्षे गणतन्त्रकालमा यिनै पार्टी र नेताले शासन गरेका हुन्, समानाता, स्वाधीनता र सार्वभौमिकता लागि के के उपलब्धि हासिल गरे ? स्पष्ट पार्न सक्दैनन् । जुनसुकै बेला जनतालाई भ्रमित पारेर र सपना देखाएर यिनले शासन गर्दै आएका छन् । अराष्ट्रिय शासन ।

चुनावका समयमा चर्का भाषण गर्छन्, पदमा पुगेपछि झन चर्का कुरा गर्छन् तर व्यवहारमा देशभक्त हुन् भन्ने कुनै काम गरेका छैनन् । लोकतन्त्र भनेको युवा बिक्री गर्ने बाजारू नीति बन्न पुग्यो । हरेक दिन २ हजारभन्दा बढी युवा विदेशीने क्रम जारी छ । युवालाई स्वदेशमै रोजगारी दिने र निकासीमूलक एउटा पनि उद्योग स्थापना गर्न सकेनन् ।


युवा निकासी गरेर अर्थतन्त्र चलाउने, सीमा अतिक्रमण र भूभाग लुटाएर विदेशीका साखुल्ले बन्ने नीतिले न नेपाल सुरक्षित हुनसक्छ, न नेपाली राष्ट्रियता बच्छ ?

यी नेताले भारतको हैकम स्थापित भएका भूभाग फिर्ता ल्याउनेछन् भन्नु सपनाजस्तो लाग्छ । यद्यपि नेपाली राष्ट्रवाद ब्यूँझेको बेला, जागरूक भएको बेला ती भूभाग भारतले पचाउन सक्ने देखिदैन ।

निश्चित रूपमा भारत ठूलो छ, सामरिक रूपमा समेत भारतसँग युद्ध गर्न सकिन्न, नेपालले लडेर गुमेका भूभाग फिर्ता आउनै सक्दैन । केही बुद्धिजीवीले सही बोलेका हुन् । ६४ वर्षसम्मको वार्ताले भारत पग्लिएन, अझै नेपाली भूमि खाइरहेछ भने स्वभाविक प्रश्न उठ्छ- अन्तर्राष्ट्रियकरणको प्रयास किन हुनसकेन ? हुन त अर्थपूर्ण र सार्थक वार्ता नेपालले कहिले गरेन । यहाँसम्म कि इपीजी रिपोर्ट बुझौं भन्नसमेत नेपालले सकेन । त्यो रिपोर्टमा खुला सिमानाको अनुगमन हुनुपर्ने, नियमन हुनुपर्ने विषय रहेको छ, त्यो रिपोर्ट लिक भएकै कारण भारतले अस्वीकार गरेको बुझ्न सकिन्छ ।

राष्ट्रिय दल भन्नेहरूमा राष्ट्रियता कति छ ? ग्रेटर नेपाल अर्थात १८१६ को सुगौली सन्धिबाट गुमेको भूमि फिर्ता ल्याउने काम यिनीहरूबाट सम्भव नहोला, भएको नेपाली भूभागलाई साबुत राख्ने काम त गर्नसक्नुपर्छ। सुगौली सन्धि मान्ने भारतलाई कालीनदी पूर्वबाट फौज फिर्ता लैजान भन्नुपर्छ, लिपुलेक, लिम्पियाधुरा क्षेत्र नेपालको हो, भारतले नक्सामा राख्नु अतिक्रमण हो भनेर भन्नसक्नुपर्छ ।

आधुनिक युगमा कुनै मुलुक सानो र ठूलो हुन्न । सार्वभौमिकता सबैको समान हुन्छ, यही सत्य नेपालले भारतलाई बुझाउनु पर्छ ।



# In the context of facilitating, motivating and encouraging me towards Nationalism and Monarchism as a Resource Person dedicated to promoting Nationalists of Nepal : Mr. Shankar Maghaiya

## My sorcery memories and his exemplary Contributions



**By Uttam Karmacharya**

During the time of mid Panchayat Period I was encouraged by diffident national political Parties of Nepal to participate in the election of parliament , District Panchayat election and and nomination of chief of Bhaktapur Municipality when Bhaktaapur district was composed of 18 VDCs and only one Bhaktapur Municipality. It was not materialized because of my issues of resignation in the permanent service of TU Institute of Education / Faculty of Education as an associate professor . Latter o, as a professor of education I got chance to became Bhaktapur District Education Committee member for three terms under the chairmanship of late Surendra Pratap Shaha and chairperson of Bhaktapur Civil Society for several years up to the end of Panchaayat system led by Late Bhaktapur District Panchayat Chairperson Surendra Pratap Shaha . With the coming of Multiparty system , I got very busy in TU Campuses as a campus chief of faculty of Education In Phokhra Multiple Campus and Butaul Multiple campus and part time working under Unesco affiliated program in different countries a Resource Person for China ( Unesco Nanjing), Denmark, World Education , Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, Sri Lanka, Thailand , Unesco Bangkok).Former Secretary General , National Resources Center for NFE (NRC-NFE) and Director, Center for Education for All (CEFA) Nepal.

After around forty years of teaching profession in Tribhuvan University in different capacities of TU administration and academic post in several campuses including visiting professorship in different countries, I was encouraged to participate in different groups of Nationalist forms organized informal and formal sessions and interaction for the promotion of Nationalism and reinstalment of constitution of Nepal 2047 . After attending several meeting and get together of small nationalist group in Kathmandu / Kantipur Usha Bhawon led by Dr. Yadav Pd Dhungana and Mr. Shankar Maghaiya,, Rai Bhaktapur led by Mulguthu & NilNarayan for the last three /four years after Covid days . Then, I got chance to know about the political situation of the past and present. It was my opportunity to know about the political arena of Nepal though I was not involved in any political parties in Nepal formally. It was Mr. Shankar Maghaiya who facilitated, motivated and encouraged me towards Nationalism and Monarchism as a resource person dedicated to promoting Nationalists of Nepal .

For the first time, he was kind enough to visit me regarding the request invitation to be the chief guest on behalf of National Political Awareness Campaign ( Ratriya Rajnaitic Jagaran Abhiyan ) some years back. I know him very well and used to visit me time to time to share the National Weekly Swatantra Sancharyagram specially with the news and article of National Festive Time Reform Society of Nepal and related articles of Mr. MaheshworJuju and himself with especial reference to National Political Awareness Campaign related news and articles. Going through several issues of National Weekly Swatantra Sancharyagram and Gorkha Express weekly I felt myself enriched on National Political Awareness Campaign. We appreciate him very much for the important role he played for the promotion of Nationalization and patriotism. As I know him, he did a wonderful job as a coordinator of / to organize a national program to felicitate the ten writers of book recently published ( 2076/ 2019 entitled My Greater Nepal edited by Mr. Rajan Karki. It was a remarkable and exemplary Ceremony conducted by himself as a master of the ceremony. He came to me to offer invitation letter signed by Mr. Paruhang Kuthume Rai , Vice Chairman of the National Political Awareness Campaign with Mr. Maheshwor Juju and Active member Mr. Krishna Lall Shrestha. Thank you so much Mr. Shankar Maghaiya for their consideration and honor as an elderly and elderly Senior Citizen.



It is my 7th[th] article entitled In the context of facilitating, motivating and encouraging me towards Nationalism and monarchism as a resource person dedicated to promoting Nationalists of Nepal :
Mr. Shankar Maghaiya -My sorcery memories and his exemplary contributions. Because of his encouragement I got chance to publish several articles related to the promotion of nationalism Monachism.

The first and other articles with reference to Nationalism promotion in Nepal were published in Gorkha Express entitled :

1. Exemplary Felicitation and awards to the writers of the book My greater Nepal _ An overview 2080 Ashoj 2 Tuesday
2. Nationalism in Nepal- at the verse of collapse 2080 Marga 12 Tuesday
3. The King is dead , Long live the Kings 2080 Bhadra
4. One hour Interview in Mountain TV conducted by Mr. Bisantar Shakya.
5. Nationalism in Nepal – Only in Isolation and small group Discussion
6. In the context of Nationalism in Nepal and the book " My Greater Nepal "edited by Rajan Karki' Senior most Journalist of Nepal A Resource book of Nationalism with 12 articles of renowned Nationalist of Nepal – An Academic and Political Review.

My major and minor observations of Nationalism and Monarchism

1. My first meeting was with Mr. Shankarji, Khadgi Kapilji and Kutumbe Raiji regarding the invitation of attending several meetings of Nationalist/ Raastrabaadis
2. It was Mr. Kapil Khadgi and Mr. Shankar Maghaiya led me to attend Sahid Chiniyalal and Ushasingh Memorial foundation Bhawon and My participation (through Shankarji , Kapilji and Raiji and other Rastrabaadis several times in Kathmandu )
3. In several meeting at several venues I got chance to meet Mr. Damodar Sharma, Mr.Padmesh Rajopadhyaya, Mr.Bisanter Shakya, Mr. Hem Bikram Silwal, Mr. S. Tuladhar, Prof.Shanta Dhakhwa, Mr.Sarad Raj Rojopadhya, Mr.Krishna Lal shrestha, Mr.Maheshwor Juju, Prof. Dr. Sriram Upadhayya, Prof.Ramkumar Pandye, Prof. Dr. Yadab Pd. Dhungana, Ms. Neera Ranjuit, Mr. Binod Acharya, Mr. Balaram Gautam, Mr. Ram Krishna Hada, Mr. Agni Shamsher, Mr. Mohan Raj Shakya and Senior advocate Mr. Juktijung Lamichhane
4. Then I started the Collection of documents literature of nationalists and discussion over the phs time to time
5. Then I participated in Several get together program of Nationalist in Bhaktapur with late Krishna Pd Mulguthu groups with Shankarji , Kapilji and Raiji and other leading Rastrabaadis En. Damodar Sharma Mr. S Tuladhar, Prof. Dr. KB Rokaya, Mr. Manav Sebak , Mr. Agi Shamsher time to time in several occasion and events such as Kings Birth days, Prithibi Jayanty and other national level festive and events ,
6. It was very lucky to visit Bara meeting admit Bara Group meeting with Mr. Ayodhya Pd. Shaha, Mr. Briz Kishor Shaha , Mr. Madhav Pd Shaha,and Hetauda visit led by Maheshwor Juju . Full page news published in Gorkha express by Shankarji.
7.Yatra Bibaran by Mr. Maheshworjuju was also published with initiation of Patrkar Mr. Shakar Maghaiya in several Natrabaadi News papers.
8. It was also so meaningful to participant at Lalitpur Patan Meet led by Damodar Sharma amid Mrs. S Tuladhar, Dr. Rokah and Prof. M/s Sumitra Sharma, Mr. Ganesh Raj Shresth, Mr. Kishwor Gurun ( NGO Natinalist team with lunch at Patan Dhobighat. )
9. Collection of documents through Shankarji, Kapilji and Raiji and other Rastrabaadis and article published newspapers
10. I came to know many more contribution of National heros of Nepal during Award and felicitation ceremony for the writers of Greater Nepal at Rize Café Kathmandu as a chief guest with a fan fair program.
11. Meeting attended / participation at Lainchowr led by Former honorable Minister Keshar Bdr. Bista Chairperson Rastria Shakti Nepal. It was my first meeting with that group admit Dr. Thakur Mohan Shrestha , Mr, Shanker Maghiya, Mr. Shiva Devkota, Mrs.Pramila Karmacharya, Mr. Krishna Lall Shrestha, and the group of senior exteam of administrators and former Honorable Ministers.
12. Mahalaximi Bhaktapur Group Meet led by Mr. Krishna Bdr. Mulguthi amid Mr. S Tuladhar , Mr. Shankar , Mr. Kapil, Mr. Naaniram Lamichaane,
13. Mr. Arjun Kumar thapa, Neel N Koju and Bhaktapur group
Gatha Ghar Meeting with Mr. Ratna Shrestha Residence led and pick up by Mr. Naresh Man Singh. Mr. K B Mulguthi , Neel N Koju , and Thimi group of Nationalis
14. Focus group Group meeting in Bhaktapur with Mr. Manab Sebak, Dr. Thaku Mohan shrestha , Mr. Mangal lal Maali, Mr. Narayan kr. Prajapati, and Mr. Neel Krishna, Mr. Naani Ram Lamichhane, Eng Mr. Damodar Ex police offices of different districts.
15. Watching Interviews and videos of nationalist specially of Dr. Thakur Mohanan , Dr. KB Roka and mr. Bhu Group meeting at Karyabinaya periphery for a day and meeing with Mrs. Naanishwori DD. Dental Medical Director , Mr. Aneel Yogi, Mr. Shekhar Jung Rayamajhi . Mr. Nareshji, Mr. Ratna Shrestha , Mr. Mangal Lal Maali , Mr. Junoj Maali, Mr. Ichhaya Shakya ,Eng. Mr. Damodar , Prof. Bishnu Pandye and family, UK Karmacharya and family Mr. Naresh family, Mr. Kapil family, Kutume Raiji, Shankarji, Dr. Thakur Mohan Mr. Prem Kaidi, Mr.Prakash Shrestha and others local catering staff
17.Focus group meeting at the residence of Ratna Shrestha Naani Ramji and Maheshwori group at new Thimi
18. Bhaktapur meeting of 35 participants and group formation and collection of Emergency Fund. Formation of group committee called Nepal Ratri Nagaric Andolan Samity ( Campaign ) chaired by Prof. Karmachaya, Vice Chair Naneeramji , Secretary Neel N Koju, Mrs Laximi Malla , Mr. Ram Sundar Shrestha and Mr. Bikranjha.
19. Invitation attended and Group meeting at Shankha Park Café led by Dr. Thakur Mohan ,chaired by Aaditya Man Shresthe and conducted by Mr. Aneel Yogi and meeting with youth group and presentation on Youth mobilization and handed over 17 PPP for youth mobilization among Bhaktapur group committee , Mr. Shekharjung Rayamajhi, Mr. Bishanter Shakya , Mr.. Santosh Silwal , Mr. Hem Bkram Silwal and Bhandari Samas Chair Mr. Kadar Bhandari , Mr. Nagendra Deujha. Mr. Manab Sewok., Mr. Agni Shamsher and youth representatives of Kathmandu from different districts.

It is to be noted that all aforesaid nationalists / persons and group are working in isolation and small group discussion. There is a strong and urgent need of forming a big group and united association called Nepal Association of Nationalists (NAN) as soon as possible under the leadership of Mr. Shankar Maghaiya . The parliamentary Members infavour of Nationalism and Monarchism should work to gather with The NAN. The NAN members also should work in close cooperation with Nationalist parliamentary political parties hand in hand. The NAN should established a academy of Nationalism and Monarchism coolecting a list of bkkos and booklets related to Nationalism and Monarchism in cooepation with foreign embassies .

---

(Professor Dr. Uttam K. Karmacharya presently has been working as a Board of Director, Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science. Prof. Karmacharya of Tribhuvan University was a former Resource Person for China ( Unesco Nanjing), Denmark, World Education , Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, Sri Lanka, Thailand , Unesco Bangkok). Former Secretary General , National Resources Center for NFE (NRC-NFE) and Director, Center for Education for All (CEFA) Nepal. )




# Smash And Grab

*By Sunanda Datta Ray*

CHAPTER 14 **Against the Law**

It was an authoritative and lucid exposure of an act of brigandage that sought to destroy the treaty which alone governed bilateral relations and could not be abrogated except by mutual consent, certainly not through irrelevant domestic legislation. But where, vas the court of law in which the Chogyal could cite Hidayatullah's views¿ India's campaign relied for its success on the country's strength, Sikkim's weakness, and on the indifference, ignorance, and prejudice of the Indian public. Having marked out this populist arena for the battle, Mrs. Gandhi was at liberty to choose those weapons that she could wield best, and which were beyond the Chogyai's capacity. He could not mobilize mobs, he could not deploy soldiers, he had no crushing administrative machinery, and he had no diplomatic voice. Right was of little account without the supporting attribute of might. The early part of the second week of September saw the Chogyal still forced to linger in Calcutta but engaged in an acrimonious telegraphic correspondence with the chief minister. It was a futile exercise since the constitutional points he made were beyond Kazi's interest or understanding: in any case, the chief minister was as little responsible for the replies as he had been for the political action taken in his name. But determined not to-overlook any possibility of rescue, the Chogyal telephoned Das on 10 September to suggest that all the ministers and their advisersaccompany him to New Delhi .for talks with the Indian government. The invitation was repeated the next day in a message to the chief minister. It was rewarded with lengthy vituperation.

The Chogyal made this offer when, secure in her parliamentary coup, Mrs Gandhi at last allowed him to leave Calcutta. On 12 September, after eight days of waiting in Calcutta, he flew to New Delhi, where, Swaran Singh, just back from Moscow, again con-fired that it was precisely because Sikkim enjoyed some elements of an international personality that its defence and foreign affairs had been handed over to India in 1950. Such a transfer was not necessary for Indian states like Punjab or West Bengal. The minister also assured the Chogyal that the two new MPs would sit in Parliament as Sikkim subjects and not as Indians. He would like to discuss these matters further, he said, but was pressed for time as he was going abroad again, this time to the UN. But the Chogyal was asked to visit New Delhi in the first week of October.

Menon called the next day, taking with him a stately whitheaired Sikh with exceedingly urbane manners. This was Gurbachan Singh who had been appointed political officer. Bajpai was going
to the Hague as India's ambassador, and Singh would assume his duties in Gangtok on 19 September. Nothing was said about the PO-designates connection with RAW; nor was the Chogyal aware that he was destined 10 be the last incumbent, and that the post created for Claude White would soon be wound up. Gurbachan Singh was in attendance when the Chogyal again met Swaran Singh on 14 September. There were equally unsatisfactory meetings with Mrs. Gandhi and Kewal Singh. When John Lall, Bahadur Singh, and Baleswar Prasad, all three of whom had served in Gangtok, called in turn, advising him to accept New Delhi's fait accompli and go abroad for the time being, the Chogyal was convinced that they had been sent by "the Indian government. But he was not the man to run away; recalling their intervention he fumed in earthy rage: "It's like saying your wife will still be your legal wife, but she'll sleep with me!" To his visitors, however, the Chogyal politely explained that his duty lay in Gangtok. He returned home on IS September, having accomplished nothing.

The scenario had changed. India House was about to receive a new tenant, but a new man had already been installed in Mintokgang. B. S. Das had been transferred on 16 September while the Chogyal was still in India. Many in the durbar believed that, in the end, Das could not bring himself to go through with Mrs Gandhi's plans. But in a memorable note submitted just seven months after his arrival in Gangtok, the chief executive warned the Chogyal not to expect independence and advised him to come to terms with India's permanent supremacy. "The interests of small countries have never been protected except in the context of a geopolitical situation," he wrote, reminding the Chogyal of Tibet, Hungary, Czechoslovakia, and Panama. China had "explicitly accepted India's special interest in the Himalayan kingdoms"; "if Indian interests in any of the Himalayan kingdoms are ever affected, it can safely be assumed that she (India) will effectively intervene". He pointed to the campaign in Nagaland and to two wars over Kashmir (despite UN resolutions and Western and Chinese support for Pakistan) as evidence of New Delhi's often underestimated determination. Das attributed the continued existence of the Himalayan kingdoms only to Nehru's idealism. "India will never again be ruled by an idealist and whoever may be the prime minister of India, he or she will never allow morality or idealism to override India's national interests...."
The note admitted that in spite of legal rights, the situation gave "very little choice or maneuverability to Sikkim. She has, therefore, to derive the maximum benefit out of a bad bargain because wisdom lies in this course alone." The options, as he saw them, were closer association with New Delhi, wider economic and professional opportunities in India for the Sikkimese, a system of frequent mutual consultations on matters of common interest, and more political powers for the Nepalese so that they did not resent Sikkim's Bhutiya-Lepcha ethos and were not tempted to look south. Das Jid not think the monarchy would, or should, be disturbed. But he predicted that the Indian army would remain in Sikkim "for a very, very lone, time to come," and that even the exercise of the kingdom's guaranteed internal autonomy would "be related to India's economic, political or security interests."10 Neither internal autonomy nor the status of a protectorate should be taken for granted, because both depended on New Delhi's perception of Indian requirements. dontd....

# राष्ट्रिय मूलनीति नभएपछि यस्तै हो


डा. शास्त्रदत्त पन्त

विश्वको कुल विकसित मुलुकको जनसंख्या २० प्रतिशत मात्र छ। असी प्रतिशत जनता तेश्रो र चौथो मुलुकमा बस्दछन् तर २० प्रतिशत प्रथम विश्वका जनताले पृथ्वीको कुल प्राकृतिक सम्पदाको ८० प्रतिशत उपभोग गर्दछन् र ८० प्रतिशत प्रदूषण फैलाएका छन्। त्यस बापत तिर्ने करलाई अनुदान भन्छन्। तेश्रो विश्वका जनताले दाता मानेका छन्, त्यसलाई जरिवाना, फाइनका रूपमा असुल्ने आँट गरेका छैनन्।

अस्थिर राजनीति हुनुका पछाडि जतिधेरै कारण देखाए पनि मूल कारण देशको अवस्थालाई मिल्ने राजनीतिक पद्धति नहुनु हो, बनाउन नसक्नु हो, बनाउन नदिइनु हो। यसरी पूँजीवाद, मध्यस्थवाद (वैदिक) र साम्यवाद तीनवटै वाद सिद्धान्तबाट विचलन हुनुले विचलन आएको हो। बहुदलीय पद्धतिमा प्रश्न चिन्ह खडा भएको हो। सिद्धान्त विचलनका कारण तेश्रो देशका जनता सबैभन्दा बढी प्रभावित भएका हुन्। नेपालको विकासको बाधक अस्थिर राजनीति नै हो। विज्ञहरूले औंल्याउदै आएको तथा सत्तासीन दलहरूले बेवास्ता गर्दै आएको कुरा पनि यही हो। तेश्रो र चौथो विश्वलाई विपन्न, अचेतन, अज्ञ र अल्पज्ञ बनाइराख्नुमा सामन्त र औपनिवेशिक देशका रणनीतिक नीति निर्माताको हात छ। त्यो भारत, भारतको 'रअ', सौथ मेस्क र नेहरू डक्ट्राइन मुख्य रूपमा जिम्मेवार छ।

जुनसुकै युगमा जुनसुकै शासन पद्दति भए पनि त्यस शासनले जनतालाई सुखशान्ति, अमनचयन र सम-समुन्नति दिन सक्नुपर्दछ। जनताले त्यस सरकारलाई उच्च मान्दछन् जसले उच्चस्तरको सुशासन सञ्चालन गर्न सक्दछ। शासन पद्दति बेग्लाबेग्लै हुनुको अर्थ पनि आफ्नो पद्दतिले अर्को कुनै पद्दतिले भन्दा छिटो, राम्रो र गुणस्तरयुक्त सुशासन दिन सक्छ भन्ने दावी हो। भिन्न दलले जनताको मन जितेर सत्तामा जाने, सत्तामा पुगेपछि अघिल्लोले भन्दा राम्रो गर्न सकेमात्र फेरि जित्न सक्दछ भन्ने मूल मर्म रहनु हो। किनकि दलको व्यवहार र कामको मूल्याङ्कन गर्ने हक जनतामा हुन्छ। प्रजातन्त्र भनेको पनि त्यही हो। अब नेपालीले बहुदलीय शासनकालको अढाई दशकको विश्लेषण नै पर्याप्त हुनेछ। अबको चासो र चिन्ता देशलाई पद्धतिबाट कसरी चलाउने भन्ने हो।

राष्ट्रिय विकासको समस्यामा प्रथम विश्वका पश्चिमाले जसरी तेश्रो मुलकलाई व्यवहार गरेकाछन् त्यही नीति भारतले छिमेकीलाई लिएको छ, विशेष गरेर नेपाल माथि उठ्नै नसक्नेगरी अ७्याएको छ। आर्थिक रूपमा बलियो हुनै नदिने बनाएको छ। तेस्रो मुलुकले आफ्ना विकास त्यसबेला सम्म गर्नसक्दैनन् जबसम्म आफैंले आफ्नो भाग्य निर्धारण गर्न पाउँदैनन्, देश बाहिरबाट निर्देशित हुने प्रक्रियाबाट मुक्त हुँदैनन्। स्वतन्त्र आर्थिक पद्धतिले मात्र राष्ट्रमा विकास कार्यक्रम सही हुन्छन्। सही कार्यक्रमले मात्र विकासले सही गति लिन सक्दछ। समाबेसी, सहभागितामूलक भनेकै पौरस्त्य प्रणाली हो। अब त्यो पश्चिमाले गलत व्याख्या र गलत ढङ्गले प्रयोग गराई रहेका छन्। आफ्नो राष्ट्रलाई कसरी समृद्धशाली बनाउन सकिन्छ भन्ने कुरा सबै पक्षको सहमति लिएर टुङ्गोमा पुग्नुपर्दछ। टुङ्गोमा पुग्न विवाद भएका जति प्रत्येक बूँदामा जनमतबाटै टुंगो लगाउने परिपाटी बसाउनुपर्छ। कुन पद्धति चाहिन्छ भन्ने कुरा त्यहाँको सामाजिक अवस्थाले निर्धारण गर्छ। आज भारत र पश्चिमाको कारण तीन वर्षमा सकिने आयोजना १३ वर्षमा सकिन्छन्, ११ अर्बको आयोजनालाई ३३ अर्ब पुर्‍याउँछन्। यसो हुनु पद्धति विहीन राजनीतिले हो। आयातित पद्धतिमा निर्भर हुनुले हो।

आजकल विकासोन्मुख देश विकसित देशका ग्राहक मात्र बनेका छन्, नेपाल भारतको मात्र ग्राहक बनेको छ। नेपाल श्रम-नोकर पाउने श्रोतस्थल भएको छ। आजकल विकासोन्मुख देशबाट विकसित देशमा जति श्रमिक (कामदार) लगिएका छन् ती अफ्रिकाबाट समातेर युरोप र पछि अमेरिका र ओसिनियामा लगिएका दास भन्दा भिन्न होइनन्। यी काम हलिया र कमैया भन्दा निकै नराम्रा हुन्। विकसित देशले अल्प विकसित देशमा राजनीति दल संचालन गर्दछन्, रणनीति परिचालन गर्दछन्। देश फुटाउँदछन्, देश जुटाउँदछन्। जनतालाई भड्काउँदछन्। जात, धर्म, भाषा, लिङ्ग, दुर्गमता तिनका सहज भड्काउका माध्यम बन्छन्। त्यसलाई अझ सजिलो पार्न उनीहरूको मौलिक सभ्यता, संस्कृति र संस्कार भत्काउँदछन्। धर्म परिवर्तन त्यसको मूल कारण हो, तरिका हो। त्यसलाई जीवन्त र प्रभावकारी बनाई राख्न यी देशलाई गरीब बनाई राख्दछन्। उनीहरूले गरीब बनाई राख्ने योजना बनाइदिन्छन्। यस्ता लुट योजना परिचालन गर्न 'सहयोग' पनि दिन्छन्। नेपालको परिप्रेक्षमा नेपाली काँग्रेस, एमाले वा माओवादी वा तराइवादी भनिने दल त देखाउने दाँत मात्र हुन्। उभ्याइएका माध्यम मात्र हुन्। तिनलाई परिचालन गर्ने भारती हुन्, भारतको नियत पश्चिमाकै जस्तो हो।

पश्चिमाको उद्देश्य नेपाललाई घुँएत्रो फाल्ने ठाउँ बनाउन मात्र हो। यिनीहरूको एउटै उद्देश्य लर्ड मेकाउलेको पद्धति लदाएर पौरस्त्य सभ्यता र संस्कार मास्नु हो। आपसमा खिचातानी बढाएर स्थानीय मानिसलाई लडाएर आ-आफ्ना उद्देश्य पूरागर्नु हो। वर्चस्व कायम बनाइ राख्नु हो। भारतले नेपालमा यस्ता ठूला-ठूला दुर्घटना घटाई रहेको छ। उसको अन्तरनिहित मनभित्रै विद्वेष छ। प्रतिशोध छ। इर्षाभाव छ। अनेक तथ्यले यी कुरा पुष्टि भएका छन्। उसको अभिष्ट इच्क्षा जलस्रोत, अर्थ र रक्षा हडप्नु हो। सरकारलाई निर्देशनमा चलाउनु नै मूल मक्सद हो। नेपालको शासन शैली कमजोर बनाउने, राष्ट्रियता खल्बल्याइ दिने, राष्ट्रिय एकतालाई विखण्डन बनाइदिने काम गरेको छ। संभवत: ४० वर्षको षडयन्त्र (१९५०-१९९०) र २३ वर्षको कार्यान्वयन प्रयत्न (१९९०-२०२३) पछि भारत सफल भएको छ। यस अवधिमा नेपालले आफ्नो स्वाभिमान, अस्तित्व र आत्मनिर्भर हुने धेरै क्षेत्रहरू गुमाइसकेको छ। आफ्नो गौरव र अस्तित्व जोगाउन नेपाल विफल भएको छ। आत्मनिर्भर नेपाल अब भारतनिर्भर भएको छ। त्यतैबाट दलहरू परिचालित छन्। मिलिजुली भ्रष्ट्राचारमा मिलेका छन्। सिद्धान्त विहीनता छ। .विदेशीको उप-बुज्रुकता कायम छ।

विदेशीको पद्धति, छत्रछाँया, निर्देशन, अविभावकत्व र दाताभाव रहेसम्म नेपालले आफ्ना विकासका गति अगाडि बढाउन सक्दैन। विदेशीले जात, धर्म, वर्ण, भाषा, स्थान विशेषमा विभक्त गराइ अनेकताको एकता पर्खाल भत्काइदिएका छन्। बाँदरले नरिवल जोखे झैं भारतले नेपालको अर्थतन्त्रलाई जोखिरहेको छ।

यस्तो पद्धति रहेसम्म र राष्ट्रिय मूलनीति नबनेसम्म स्थिर राजनीतिलाई संस्थागत गर्न सकिँदैन। आध्यात्मिक चेतनाको सनातनी ज्ञानले ठाउँ पाउँन सक्दैन। भौतिक वस्तुले लोभ्याइहन्छ। फलत: समाजलाई आदर्श बनाउनुको सट्टा बन्दुक र कानूनी त्रास बनिरहन्छ। यस्तो पाश्चात्य शैलीद्वारा पौरस्त्य समाज प्रभावकारी रूपमा अगाडि बढ्न सक्दैन। आर्थिक, सामाजिक, नैतिक र राजनीतिक सबै पक्षमा पछि रहिरहन्छ। अर्धचेतनता सबै भन्दा घातक छ। यसले कुण्ठित र विकारयुक्त विचार बनाएको छ। फलत: राजनीति कार्टेलिङ, श्वैत र श्याम भ्रष्ट्राचारलाई संस्थागत गरेको छ। अब राष्ट्र कसरी बनाउने र कसरी बचाउने भन्ने कुरामा सबै विचारका नेपाली एक ठाउँमा बस्न सक्नुपर्छ। विदेशीको निर्देशनमा विभाजित मनस्थितिलाई एक बनाउनु पर्छ।

# भोलि भारतीय सेनाध्यक्ष आउने



काठमाडौं। प्रधान सेनापति अशोकराज सिग्देलको निम्तोमा भारतीय स्थल सेनाध्यक्ष उपेन्द्र द्विवेदी भोलि नेपाल आउने कार्यक्रम छ। मंसिर ९ गते फर्कने तालिका रहेको भारतीय सेनाध्यक्षले नेपालको भ्रमणका बेलामा सैनिक मञ्च टुँडिखेलस्थित वीर स्मारकमा श्रद्धाञ्जली अर्पण, जङ्गी अड्डामा सम्मान गारत निरीक्षण, प्रधानसेनापति सिग्देलसँग भेटघाट, कमाण्ड तथा स्टाफ कलेजका शिक्षार्थीहरूसँग अन्तरक्रिया र पश्चिम पृतना हेडक्वार्टरको भ्रमण गर्ने कार्यक्रम रहेको जङ्गी अड्डाले जाएको छ।

मुख्य कार्यक्रम भनेको राष्ट्रपति रामचन्द्र पौडेलले मङ्सिर ६ गते एक विशेष समारोहका बीचच भारतीय सेनाध्यक्षलाई नेपाली सेनाको मानार्थ महारथी दर्जा प्रदान गर्नुहुनेछ। भ्रमणका क्रममा भारतीय सेनाध्यक्षले प्रधानमन्त्री केपी शर्मा ओली र रक्षामन्त्री मानवीर राईलगायतसँग औपचारिक भेटघाट गर्ने कार्यक्रम पनि रहेको सैनिक जनसम्पर्क निर्देशनालयले जनाएको छ।

# ज्यान मार्ने अपराधी ६ पटक मन्त्री

सर्वोच्च अदालतमा विचाराधीन रहेको ज्यानमार्ने उद्योगका अपराधी दीपक मनाङे भनिने राजीव गुरूङ ६ वर्षमा ६ पटक मन्त्री भएर पुन: जेल परेका छन्। २०७५ पुस ६ गते सर्वोच्चको आदेशले छुटेका उनी सर्वोच्चकै आदेशले ज्यान उद्योगमा बाँकी सजाय भुक्तान गर्न डिल्लीबजार खोज पुगेका छन्।



उनको प्रतिक्रिया छ- फेरि आएँ, अब म आराम गर्न चाहन्छु।

कांग्रेस, एमाले, माओवादी सबैलाई उनको सांसद पद प्यारो थियो र उनलाई पटक पटक मन्त्री बनाए। अहिले सर्वोच्चकै आदेशले जेल परेपछि उनलाई कुनै पनि पार्टीले वास्ता गरेनन्। मनाङबाट कांग्रेसका कर्म गुरूङलाई पराजीत गरेर निर्वाचित उनी यस्ता गण्डकी प्रदेश मन्त्री थिए, जसले मन्त्रीपद नै बिक्रीमा राखेको घोषणा समेत गरेका थिए। उनलाई २०७८ वैशाख १६ गते गण्डकीका पहिलो मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङले पहिलोपटक मन्त्रीको जिम्मेवारी दिएका थिए। त्यसपछि त मुख्य मन्त्री फेरिदै रहे, दीपक मन्त्री बन्दै गए। मन्त्रीबाट वाक्क भएर उनले मन्त्री पद नै बिक्रीमा राखेको बताएर हलचल नै ल्याए। यो कस्तो लोकतन्त्र रहेछ।

# जीवनमा एकपल्ट पुग्नैपर्ने गन्तव्य हो लाङ्टाङ्, जाने होइन त लाङ्टाङ् ?

**विष्णु निश्चल-**




*अजङ्गका भिराला पहाड : लाङटाङ यात्रा, हिमालको काखमा अवस्थित लाङटाङ-क्यान्जिङ, बुद्धमन्त्र लेखिएका लुङता फहराइरहे लाङटाङ सम्म, जीवनका एकपटक पुग्नै पर्ने गन्त्व्य हो लाङटाङ।*

हुन त पैदल हिँड्नु भनेको आफैंले आफैंलाई चिन्नु पनि हो। आफ्नै देश, संस्कृति, रहनसहन र भूगोल हेर्न, बुझ्नु पनि भएकोले असहजताको बिचमा पनि पदयात्राको लागि जान तयार भए।

बिजुली बत्ती छैन, सोलारको धिपिधिपी उज्यालोमा बस्न परेको छ। स्याफ्रुबाट यत्ति नजिक पनि सञ्चार सुविधा टेलिफोन सेवा छैन। टावरै देखाउँदैन, डाटा चल्दैन। मोबाइल चार्ज गर्न कठिन छ।

लाङटाङ पुग्नु अघि म त बेस्सरी थाकें, हिड्नै ग्प्रहो हुन थाल्यौ पदयात्रा छोडेर फर्कियौ कि जस्तो पनि लाग्यो। मलाई चिसोले समातेको रहेछ। बाटामा भेटीएका यात्रीले टोपी लाउन, लुगा थप्न सल्लाह दिए। मैले चिसिएको जिउमा लुगा थपेँ, ज्याकेट लाएँ। त्सपछि अलि आरामको महसुस भयो।

बिष्णु गिरी 'निश्चल'

काठमाडौ। केही दिनको लामो बिदा भयो कि पदयात्रामा निस्कीहाल्ने हाम्रो टिमको बानी थियो बिश्व हेर्न नपाएपनि आफ्नो देश त घुम्नै पर्छ भन्ने सोच सानैदेखि थियो। हुन् त विश्वका एक दर्जन बढी देशको भ्रमण गरेको छु तर शहरीक्षेत्रमा मात्रै। आफ्नै देशको मनाङ्ग मुस्ताङ्ग घुमेपछि भने मलाई कम्तीमा बर्षको एकपटक आफ्नै देशको नयाँ ठाउँ घुम्ने हुटहुटि लाग्थ्यो त्यसैले लामो बिदा या चार्डपर्वको समयममा कतै घुमौ भन्ने योजना मनमनै बनाउँदै थिए। तिहारको टिका सकिएसँग घरमा एक्लै बसिरहको थिए बिबेक भान्जाको फोन आयो मामा लाङटाङ पदयात्रामा जाने। मैले नजाने केही तयारी छैन भने भान्जाले केही तयारी चाहिदैन जुत्ता लुगा भएभईहाल्छ भने मैले जुत्ता छैन भनेपछि अहिले पदयात्रालाई लक्ष्क्षीत गरेर गोल्डस्टार कम्पनीले नयाँ जुत्ता बजारमा ल्याएको छ सस्तो पनि छ त्यो भए हुन्छ भने राती अबेर भईसकेको थियो। गोल्डस्टारको सोरूममा फोन गरियो। त्यसपछि २३००मा जुत्ता किनेर इसेवा मार्फत रसुवाको रूयापुबेसी सम्मको बस टिकट काटर कार्तिक १९ गते बिहान लाङटाङ पदयात्रामा जाने कुरा भयो। घरमा कसैलाई भनेको थिइन घरबाट सजिलै अनुमति पाएपछि अरू के नै चाहियो र।

विश्व पर्यटन बजारमा लाङटाङ क्षेत्रले बेग्लै पहिचान बनाएको छ। नेपालको पदयात्रा मार्गमा यो तेस्रो पदयात्रा गन्तव्यका रूपमा चिनिएको छ। रसुवा, नुवाकोट र सिन्धुपाल्चोक तीन जिल्लामा फैलिएको लाङटाङ राष्ट्रिय निकुञ्ज २०३२ सालमा स्थापना गरिएको हो। १,७१० वर्ग किमि क्षेत्रमा फैलिएको छ भने ४१० वर्ग किमि मध्यवर्ती क्षेत्रमा समेटिएको छ। ४६ प्रजातिका स्तनधारी, ३ सय १५ प्रजातिका चरा, ११ प्रजातिका घस्रिने जनावर, ३० प्रजातिका माछा, १० प्रजातिका माकुरा र ५८ प्रजातिका पुतली, हजार बढी प्रजातिका वनस्पति पाइन्छ। दुर्लभ रेडपाण्डा, हिमचितुवा, बँदेल, हिमालयन कालो भालु, घोरल, लंगुर, आसामी बाँदर, सेता बाँदर, झारल, घोरल, कस्तुरी मृगलगायत वन्यजन्तु पाइन्छ। ति सबैको अवलोकलन वन्यजन्तु र वातावरणबारे जानकारी पाउने उदेश्यले मन प्रफुल्लित भयो।

हुनत पैदल हिँड्नु भनेको आफैंले आफैंलाई चिन्नु पनि हो। आफ्नै देश, संस्कृति, रहनसहन र भूगोल हेर्न, बुझ्न बिबेक भान्जा सहित हामी ४ जनाको टोली गाडी धादिङको गल्छी भएर अगाडि बढ्यौ। यात्राको क्रममा बाटो कतै ढलान, कतै कच्ची, कतै पक्की। तन मन सिरिङ्ग हुने बाटो। काठमाडौंबाट हिँडेको करिब ६ घण्टामा धुन्चे (१९६० मि) पुग्यौं। धुन्चेबाट करिब सवा घन्टामा हामी स्याफ्रुबेंसी (१५०३ मि) पुग्यौं। पानि परिरहेकोले प्लास्टीकको छाता ओडेर स्याफ्रुबेशीमा डुनट र चिया खाएर हिड्यौ बाटोमा लाङटाङ खोला जलबिधुत आयोजना ले २० मेगाबाटको बिद्युतको लागि बाटो बनाएको रहेछ मोटरबाटो भएपनि मोटरचाहि नचल्लने आयोजनाका गाडिहरू मात्र चल्ने रहेछन् बास बस्न हामीलाई 'ब्याम्वो' पुग्नु थियो, त्यसैले स्याफ्रुबेंसीमा कत्ति पनि अलमल गरेनौं। भोटेकोशीमाथिको झोलुङ्गे पुल र लाङटाङ खोलाको पुल तरेर अगाडि बढ्यौं।

लाङटाङ खोलासँगै बाटो हिँड्छ, बाटोसँगै खोला, हामी उसैलाई पछ्याउँदै, उसकै संगीत सुन्दै हिँड्छौं। बुद्धमन्त्र लेखिएका लुङता फहराइरहेको पहिरो भन्ने ठाउँमा पुग्यौं। पहिरोमा जाँदा-आउँदा पदयात्रीहरू तथा सहयोगीहरू सुस्ताउने र चिया खाजा खाना खाने ठाउँ रहेछ। हाइड्रोपावर कटेपछि होटलका आँगन हुँदै हामी चरक्क चर्केको घामसँगै सुनका धर्काधर्की र चाँदीले लेपन गरेका बाटाभरिका ढुंगामा आफ्ना पैताला राख्दै वनैवनको बाटो ब्याम्बो (१९७० मि) पुग्यौं। यो क्षेत्र रेड पाण्डाको बासस्थान रहेछ। प्रतिब्यक्ति १५०० तिर्‍यौ। बिजुली बत्ती छैन, सोलारको धिपिधिपी उज्यालोमा बस्न परेको छ। स्याफ्रुबाट यत्ति नजिक पनि सञ्चार सुविधा छैन। टावरै देखाउँदैन, डाटा चल्दैन। मोबाइल चार्ज गर्न कठिन छ। तै होटलको साहुजीलाई अनुरोध गरेर वाइफाइ चाहिँ चलाउने सुविधा एकछिन पाएर घरपरिवारसँग कुराकानी भयो। राम्चे (२२२३ मिटर) भीरको एउटा ढुङ्गामा टाँगिएको फोटो देखेर हाम्रा हिँडाइ टक्क रोकियौ फोटोले २०७२ सालको महाभूकम्पको त्रासदी सम्झायो। लाङटाङ पदयात्रामा निस्केका इजरायली युवाको भूकम्पसँगै ओइरिएको पहिरोमा ढुङ्गाले किचेर यहीँ मृत्यु भएको रहेछ। उनकै सम्झनामा सो फोटो राखिएको रहेछ। ठाउँठाउँमा भेट्टाइने ऐंसलुको स्वाद लिँदै अघि बढ्छौ। दुइटा डाँडाका बीचमा अलिकति आफ्नो अनुहार देखाएर मुसुक्क हाँसेको 'चदाङ पिक' देख्दा रमायौ। झण्डै ३ घण्टाको हिडाईपछि हामी ब्याम्बोबाट लामा होटल (२४१०मि) पुग्यौं। यहाँ १०/१२ वटा होटल रहेछन्। पहिले लामा भन्ने व्यक्तिले यता चौंरी पालेर खर्क बनाएर होटल चलाएकाले यस ठाउँलाई उनकै सम्झनामा 'लामा होटल' भनिएको रहेछ। हामी अगाडि बढ्यौ रिभर साइड (२७६९ मि.) पुगेर खाना खायौ।

हामी घोडा तवेला पुगियो। केही समय आराम गरेपछि अगाडि बढ्यौ। झोलामा दिदीले हालीदिएको भाईमसला खाँदै यात्रा अगाढि बढ्यौ। ठाडै उकालो आयो, गलेको जिउलाई झन् गलायो। उकाली ओराली गर्दै थाङसाप भिलेज (३२०० मि) पुग्यौं। हामी तिब्बत होटलमा बास बस्यौ। भोलीपल्टको ब्रेकफास्टपछि हाम्रो यात्रा अगाडि बढ्यो। चिसो सिरेटो चल्न सुरू गर्‍यो। लाङटाङ पुग्नु अघि म त बेस्सरी थाकें, हिड्नै गाह्रो हुन थाल्यो। पदयात्रा छोडेर फर्कियौ कि जस्तो पनि लाग्यो। मलाई चिसोले समातेको रहेछ। डाँडामा रहेको होटलवालाले टोपी लाउन, लुगा थप्न सल्लाह दिए। मैले चिसिएको जिउमा लुगा थपेँ, ज्याकेट लाएँ। त्यसपछि अलि आरामको महसुस भयो। त्यहीबेला 'इनर्जी जुस पनि खाएँ, एक गिलास जुसको ३ सय पर्दोरहेछ। लाङटाङ पुग्नु अघिको एउटा बस्ती ढुङ्गै ढुङ्गाले पुरिएको रहेछ २०७२ सालको भुकम्पको क्षती रहेछ त्यो। भूकम्पसँगै आएको ठूलो हिउँ पहिरोले सिजनको बेला भएकाले धेरै जनधनको नोक्सानी भएको रहेछ। लामो यात्रापछि लाङटाङ भिलेज (३४७५ मि) पुग्यौ।

विशेष खालको फलामे चिम्नी चुल्होमा दाउरा हालेर आगो सल्काएपछि तात्यो। तातो भात खायौं। तरकारी भने जुन होटलमा पनि आलुकै पाइने वनसाग अलिअलि मिसाएको र स्कुसको तरकारी र याक चौंरीको मासुमात्र पाइने रहेछ।

यात्रामा भेटिएका सबैले बोन पो धर्म मान्ने यताकाले आफ्नो डाइनिङ हलको एउटा छेउमा बुद्धधर्म अनुसारको मन्दिर स्थापना गरेका हुँदा रहेछन्। सबै ठाउँमा दलाई लामाको फोटो पनि देखिन्थे। क्यानजिन गुम्पा (३८५० मि.) तिर निरन्तर अगाडि बढ्यौ। हिड्न नसक्ने अवस्था थियो तथापि बिस्तारै यात्रालाई निरन्तरता दिईरह्यौ। बाटामा पानीबाट चलाइएको माने, छोर्तेन, लुङदार र साना गुम्बा देख्दा मनै आनन्दीत भयो। ढुङ्गैढुङ्गाको अजङ्गका भिराला पहाड, ढुङ्गाकै लामा लामा छोर्तेनहरू, ढुङ्गै छापेका बाटाहरू, ढुङ्गैले ठडिएका घर र गुम्बाहरू र बाटाभरि फुलेका फूलहरूले मन प्रफुल्लित थियो। लाङटाङ र क्यानजिनको बीचमा पर्ने दुई वटा मुन्दुम (३२१३ मि) र सिन्दुम (३५५५ मि) लुङता फहराइ रहेका भ्याली काटेर सानो उकालो चढ्ने बित्तिकै क्यानजिनका होटलहरू र छेउका चौंरी खर्क छयाङ्ग देखिए। क्यानजिन रि (४३५०) चढ्न तयारी थियो तर मलाई सन्चो नभएर चढिन। यसरी लाङटाङको यात्रा सफलता पूर्वक पुरा गरी क्यानजिनबाट फर्क्यौं। हिँडेर बाटा, जङ्गल र लाङटाङ खोलासँग अन्तरङ्ग गर्दै स्याफ्रुबेंसी आइपुग्यौं। स्याफ्रु बजार घुम्यौं। अविस्मरणीय लाङटाङ, क्यानजिन भ्याली र क्यानजिन रिको सम्झना बोकेर आठौं दिनको दिन काठमाडौ आईपुग्यौ। लाङटाङ पदयात्रामा बाटाभरी कहिले इजरायली, कहिले क्यानेडियन, न्युजिल्याण्डवासी, जापानी, भारतीय र इन्डोनेसियन, अझ बढी त इटालियन, कोरियान कोही एकल, कोही जोडी, कोही गाइड र सहयोगीका हिडिरहेका भेटिन्थे। म सबैजसोलाई दुई हात जोडेर नमस्ते भन्थें। मुसुक्क हाँसेर उनीहरू पनि नमस्ते भन्थे। दु:ख त भयो, गाह्रो त भयो तर घरै बसेको भए यो भूस्वर्ग, यो हिमाली जनजीवन, यहाँको संस्कृति, यहाँको भू-बनोट, कहाँ देखिनु र कहाँ भोग्न पाउनु। जीवनमा एकपटक यात्रा गर्ने पर्ने गन्तब्य हो लाङटाङ।

जाने होइन त लाङटाङ्?

पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४०   भ्याट नम्बर- ३०४५६२४४४
मंगलबार Tuesday
२०८१ मंसिर ४, Nov. 19, 2024





अन्तिम पातो – शाश्वत शर्मा

## आन्दोलन केका लागि ?

गत शुक्रवार केशर विष्टको राष्ट्रवादी अभियानले आन्दोलन पूर्वको भेला सम्पन्न गऱ्यो । सरकारसँग आफ्ना मागहरू वाचन गरेर सुनाए । त्यही दिन दुर्गा प्रसाईले पत्रकार सम्मेलन गरेर मंसिर ७ को आन्दोलनका बारेमा भन्दा पनि हालै १५ लाख सहयोग गरेर उद्धार गरिएकी एक चेलीलाई उभ्याएर प्रशस्ती गर्न लगाए । केशर विष्टको नीति देखियो, सरकारसँग निहुँ खोज्ने अनि आन्दोलन गर्ने । दुर्गा प्रसाईको नीति देखिन्छ, त्यही समयमा सत्तारूढको जागरण अभियानको सामना गर्ने ।

राप्रपाको उपत्यका केन्द्रित आन्दोलन पनि मंसिरमै हुने भनिएको छ । डा.रत्नकमल बैद्यहरूको समूह पनि प्रदर्शन गर्ने भनिरहेका छन् । रास्वपा र माओवादी त सडकमै छन् । केशर विष्टको शुक्रवारे भेला ठूलै थियो, विष्टले आन्दोलनको मनस्थितिमा मलजल हाले । दुर्गा प्रसाईको समूहमा उत्साहभन्दा निराशा बढी छ । राजसंस्था पुनर्स्थापनाको मुद्दा गौण बनाएको भन्दै निराशा बढेको हो । भन्नेहरू त गतवर्षको मंसिर ७ को जस्तो ठूलो आन्दोलन हुँदैन भन्दैछन् ।

आन्दोलन र अराजकता, बढ्दो छ । सत्ताधारीदेखि विपक्षीहरू आन्दोलित भएका छन् । दुर्गा प्रसाईले उपत्यकावासीलाई आन्दोलनमा आउन आह्वान गरेका छन् । कति आउँछन्, मंसिर ७ मै थाहा होला । आन्दोलन सफल हुन सबै खाले जनताको साथ र सहयोग चाहिन्छ । पार्टीका कार्यकर्ता र अभियन्ताले मात्र आन्दोलन सफल हुँदैन । घरघरबाट निस्कनुपर्छ आमनागरिक । उद्देश्य प्राप्त नहुन्जेल आफ्ना बाद र विचारलाई पन्छाएर राष्ट्रलाई मुख्य मुद्दा बनाउनुपर्छ । भन्नेहरू त मंसिर ७ गते सत्तारूढले जति पनि भीड दुर्गा प्रसाईले निकाल्न सक्दैनन् भनिदैछ । बलेको आगो ताप्ने नेपाली मनस्थिति छ । यसकारण माओवादी, रास्वपा, राप्रपा, बिष्ट, प्रसाई जो हुन्, तिनले जनतालाई आकर्षित गर्न गाह्रै छ । यसकारण न ओली फाल्छु भन्नेले फाल्न सक्लान्, न त व्यवस्था फाल्छु भन्नेले नै फाल्न सक्नेछन् । खासगरी उत्तर वा दक्षिणले प्रसाईको आन्दोलनमा रूची राखेको देखिदैन । आरएसएसलाई जोड्न प्रसाईले प्रयास गरेका छन् । यसैवीच भारतले भुटानमार्फत राजालाई राजकीय स्वागत सत्कार गर्न लगाएर ओलीलाई तर्साएको भन्नेहरू ओलीको चीन भ्रमण कार्यक्रमबाट ओलीप्रति चीन झन रूष्ट बनेको अर्थ लगाउन थालेका छन् । त्यसो त भारतको नीति नै हो राजा देखाएर जनता तर्साउने, जनता देखाएर राजा तर्साउने, पार्टीहरू फुटाउने र आफ्नो प्रभाव जमाउने । यसैवीच प्रतिपक्षी प्रचण्डले ओलीलले चाइना कार्ड खेलिरहेका छन् भन्ने आरोप लगाएर आफू भारतप्रति साखुल्ले देखिने प्रयत्न गरेका छन् । भारत ओलीको विरूद्ध कि यो शासन प्रणालीकै विरूद्धमा र हिन्दुराष्ट्रको पक्षमा हो ? ओलीलाई पश्चिमाले पदस्थापना गरेको र चीन पनि पश्चिमाकै कारण जान लागेको अर्थमा पनि हेरिन थालेको छ । सत्तामा कांग्रेस पनि छ, कांग्रेस सभापति पत्नी डा.आरजु परराष्ट्रमन्त्री छिन् । उनी नै भ्रमण एजेण्डा तय गर्दैछिन् । कांग्रेस बीआरई बिरोधीका रूपमा पनि चिनिन्छ । यो चीन भ्रमणबाट पनि कुनै उपलब्धि होलाजस्तो छैन भन्ने आँकलन सुरू भएको छ । यसैवीच पश्चिमाको टेकोमा अडेका ओलीलाई ढाल्न भारतले चीनको साथ खोजेको गाइँगुइँ पनि छ । नेपालमा पश्चिमा बर्चस्वका विरूद्ध भारत र चीन एक ठाउँमा उभिएका छन् । यसकारण प्रश्न उठ्छ, प्रचण्ड र प्रसाईको आन्दोलनमा भारतीय साथ र सहयोग कसरी हुनसक्छ ? केशर विष्ट त हिन्दु अधिराज्य कायम गराउनका लागि परेका हुन्, हुनसक्छ उनलाई सत्तारूढ भाजपा र त्यहाँको राष्ट्रिय स्वयम् सेवकको सहयोग कहीं कतैबाट होला । यसकारण निष्कर्ष निकालिदैछ, नेपालमा जुन प्रकारको आन्दोलनको वातावरण छ, त्यो भारत भर्सेज पश्चिमाको हुने हो ?

किनभने एमाले, जो पश्चिमाहरूको पकडमा छ, त्यो पार्टीले पनि मंसिर ७ गते उपत्यका केन्द्रित जागरण अभियान गर्दैछ । बिचरा नेपालीहरू आफ्नो बिग्रेको वर्तमान र अनिश्चित भविष्य सधार्नका लागि यी आन्दोलनका गोटी हुनपुगेका छन् । नेपालीका नाममा हुने आन्दोलन भारत विरूद्ध पश्चिमाको हुने ? फेरि राजा ज्ञानेन्द्रको मौनताले पनि व्यवस्था विरूद्ध आन्दोलन गर्नेहरूलाई रहस्यम बनाउँदै लगेको छ । पश्चिमा समर्थक एमाले र कांग्रेस एकातिर, भारत समर्थक प्रचण्ड, प्रसाई, बिष्टहरू अर्कोतर्फ । कांग्रेससँग पनि भारत नाखुश रहेको भनिदैछ । खासगरी चुच्चे नक्सालाई संसदबाट पास गराउँदा अघिको आफ्नो प्यादा नेपाली कांग्रेसले कुनै बिरोध नगर्नु र अहिले पश्चिमा खेमामा सर्लक्क कांग्रेस जानुले भारत चिढिएको बताइन्छ । यो संविधानको खारेजीले मात्र चुच्चे नक्सा नेपालको संविधानबाट हट्नसक्छ भन्ने बुझेको भारत भित्रभित्रै यो पद्धतिविरूद्ध छ भनिदैछ । फेरि पनि भनौं, हुने भनिएको आन्दोलन नेपाल र नेपालीका लागि नभई भारत र पश्चिमाको बीचको लडाइ हो भनेर बुझ्नुपर्छ भन्ने जानकारहरूको विचारलाई मान्न चाहिं सकिन्छ । सचेत जनता नै हुनुपर्छ ।

## जाडो मौसममा चिसोबाट बचौं

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा बृद्धबृद्धालाई तेलमालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# चरित्र नभएका सँग इमान हुँदन

**नेपाली राजनीतिको मूल समस्या भनेकै चरित्रहीनता हो । जब चरित्र बिकृत हुन्छ, मान्छे राजनीति अथवा प्रशासनमा बेइमानी बढ्छ । बेइमानको नेतृत्वले जे पनि गर्न सक्छ । जसरी १९७५ मा नेताहरू चरित्रहीन हुँदा सिक्किम भारतले खाइदियो, पुर्खाले दुःखले निर्माण गरिदिएको नेपालको अस्तित्व ०४६ पछिका नेता जो ०६३ पछिका पनि शासक बने, तिनको चरित्रहीनताले संकटमा फसेको छ । राजनीतिप्रति जनतामा विश्वास रहेन । नेतृत्वप्रति जनतामा भरोसा रहेन । शासन प्रशासन भनेको भ्रष्ट हो, भ्रष्टाचार व्याप्त भएको प्रभाव जनतामा परेको छ, सरकारकै निकायहरूको रिपोर्टले पनि जो शासनमा छन्, प्रशासनमा छन्, राजनीतिमा छन्, समाजसेवी अथवा नागरिक समाजका अगुवा छन्, सबै भ्रष्टाचारका पृष्ठपोषक हुन् भन्नै पर्ने परिदृब्य बाक्लिदै गएको छ ।**

**चरित्र नभएका सँग नीति, नैतिकता, निष्ठा र सिद्धान्त नहुने रहेछ । चरित्रहीनले जानेको भनेको स्वार्थपूर्तिमात्र रहेछ ।**

**१९८६ सालमा जन्मेर २०७२ सालमा बित्नु भए पनि राजेश्वर देवकोटा राजनीति र साहित्यमा जिवन्त व्यक्तित्व मानिनु हुन्छ । राजेश्वर देवकोटा जन्मेको गोर्खाका प्रतिनिधि छन् प्रचण्ड, झापाबाट ओली र डडेलधुराबाट कांग्रेसका देउवा । राजनीति यी तीन नेतृत्व वरिपरि छ, शासन प्रशासनमा यिनकै दबदबा रहेको छ । राजेश्वर देवकोटा व्यक्तिमा चरित्र हुनुपर्छ, चरित्रहीनभन्दा डरलाग्दो केही हुन्न भन्नुहुन्थ्यो । यतिबेला हरेक क्षेत्रमा चरित्रहीनता बढेर गएको छ । यो चरित्रहीन निरन्तरताले कहाँ पुऱ्याउला ? सं.**

# चरित्रहीनभन्दा डरलाग्दो केही हुन्न

### चरित्रका कुरा

नेपाल अहिले असाधारण संकटको भुमरीमा फसेको छ । समग्र परिस्थिति र जनताका आकांषाहरूलाई वर्तमान राजनैतिक प्रक्रिया र शासन प्रणालीबाट सम्बोधन गर्न असम्भव भइसकेको छ । बेलाबेला आन्दोलनहरू भए, परिवर्तन पनि भए तर भूलभूत रूपमा शासनका पात्र बदल्ने, उही शासन प्रणालीलाई नयाँ खोल हाल्ने सिवाय अरू केही काम भएन । त्यसले त अस्थिरता र अव्यवस्था मात्र बढायो । २०४६ को आन्दोलन होस् कि २०६३ को परिवर्तनले नेपाली समाजलाई कुनै विचार र सिद्धान्त दिएन । नेपाली जनजीवनलाई प्रभावित पार्ने र अग्रगति दिने कुनै सन्देश दिन सकेन । आशाको सञ्चार नै गराउन सकेन । अभाव, गरीबी, असमानता र भ्रष्टाचारबाट पीडित नेपाली जनता सडकमा उम्लिएर त आयो, सायद उसले आफ्नै उर्जा निभायो- आज कतै उत्साह छैन, जीवन्तता पनि छैन । नेपालीको रहेसहेको आत्मसम्मान पनि समाप्त पारियो- अब १२ बुँदे दिल्ली सम्झौतालाई संविधानद्वारा संस्थागत गर्ने भारी बोकेर हालको सरकार सत्ताको उकालो चढ्दैछ, देश र जनता रित्तै ओरालो लाग्दैछन् ।

यहाँ देशभक्त नेपालीहरू एकसाथ बस्न सक्ने छहारीको रूपमा राष्ट्रियताको जग बस्न पाएन, रहेसहेको जग पनि उखेलियो, नेपाली जीवनको सांस्कृतिक मर्ममा नै प्रहार भयो । यो खेल बुझ्न नसक्नेहरू र बुझेर पनि प्रतिरोध गर्न नसक्नेहरूले बाहिरी सहायता र समर्थन पाउनु स्वभाविकै थियो । यहाँ पक्ष वा प्रतपक्ष जो भए पनि दुवैथरीले गर्नुपर्ने कार्य एउटै हो, १२ बुँदे सम्झौतालाई संस्थागत गर्नु हो । यस्तै नेपालको स्वाभिमान र परिचय मेटाउने अन्य कार्य गर्नु हो । त्यो उनीरूले गर्नैपर्छ, उनले त्यसमा प्रतिवद्धता जनाइसकेका छन् । यस्तो तत्वबाट सतर्क भई राष्ट्रिय एकताको खोजी गर्नु देशभक्त नेपालीहरूको कर्तव्य हुन आएको छ । यही आजको पहिलो आवश्यकता हो । यसको खोजी भइरहेको छ । विदेशीको चंगुलमा फसिसकेकाहरू पनि यदाकदा झल्यास्स बिउँझिदा रहेछन्, यस्तो खोजी गर्दा रहेछन् । तर तिनीहरूका चरित्रले कुनै नयाँ विचारको खोजीमा तिनलाई अघि बढ्न दिदैन । ती सबै पन्छियुन् वा पन्छाइयुन् अब एक नयाँ राष्ट्रवादी शक्तिको अभिर्भाव हुन्छ ।

१२ बुँदे दिल्ली सम्झौता सशस्त्र संघर्षमा लागेका माओवादी र संवैधानिक राजतन्त्र मानी चलेका दुई विपरीत ध्रुवका राजनैतिक तत्वको अप्राकृतिक गठबन्धन थियो । यसै कार्य गराउन सक्नेहरूले आफ्नो शक्रिको प्रदर्शन गरे, शक्तिले प्रकृतिलाई फलदायी बनाउन सक्ने रहेनछ भन्ने बुझे कि बुझ्न बाँकी छ, यहाँ त्यसका केही पात्रहरूमा पश्चाताप पलाउँदै प्रतीत हुन्छ ।

'१२ बुँदे' त्योबदनाम सम्झौता साह्रै ठूलो कलंक हो, यस सम्झौताको म्याद पनि छैन, खारेज हुने प्रावधान पनि छैन । सम्झौतामा सही गर्नेहरूले त्यो दासत्वको जुआ सधैँ काँधमा बोकिरहनु पर्नेछ । अब उनीहरूले त्यस सम्झौतालाई संस्थागत गर्नुपर्ने भएको छ- अर्थात् त्यस सहमतिलाई संविधानमा समावेश गर्नुपर्नेछ । वर्तमान मन्त्रिपरिषद् गठन गर्ने प्रसङ्गमा यस बुँदालाई पहिलो स्थान दिइएको पनि प्रचारित भइसकेको सर्वविदितै छ ।

नेपाललाई विदेशीको प्रच्छन्न उपनिवेश बनाउने षडयन्त्रमा फँसिसकेकाहरू उम्कन सक्दैनन् तर त्यस्ताहरू छन् नै कति ? ०.०१ प्रशित ? अहिले शासन हत्याउन सफल भएर ती देखिएका हुन् । ९९.०९ प्रतिशत राष्ट्रवादी नै छन् तर ती छिरलिएर बसेका छन् । तिनमा चेतना छ, छटपटी छ तर त्यो ज्वालामुखी फुट्न सकेको छैन ।

### आर्थिक पक्ष

अहिले हाम्रा दुई कर्तव्य छन्- नेपाललाइ राजनैतिक रूपले वैदेशिक प्रभावबाट मुक्त हुने र आर्थिक क्षेत्रमा पनि आत्मनिर्भर हुने उपायहरूको खोजी गर्नु ।

२०४७ सालमा बहुदलीय सरकार बनेपछि निजीकरणका नाममा देशको राष्ट्रिय अर्थतन्त्रमा यहाँका तत्कालीन शासकहरू जानेर वा नजानेर स्वार्थवश फसे, त्यहींबाट राष्ट्रिय अर्थतन्त्र ओरालो मात्र लागेन, त्यसले बाटो नै उल्टो लियो । भएका उद्योग बेचिए वा बन्द भए । नयाँ उद्योगको स्थापना भएन, स्वभावतः बेरोजगारी बढ्यो, श्रम विदेश पलायन भयो । नक्कली अर्थतन्त्रको बलमा नेपाल धर्मराउँदै पनि धानिएको जस्तो देखिएको छ ।

देशमा शान्ति, स्थिरता र आर्थिक विकासको अवस्था सिर्जना गर्नका लागि जलस्रोत, कृषि, वन-वनस्पति, पशुपालन र पर्यटनजस्ता स्वदेशी स्रोतसाधनमा आधारित अर्थतन्त्र निर्माण गर्ने प्रतिवद्धता प्रकट गर्दै स्वदेशी पूँजी र जनशक्तिको क्षमताभित्रका विकास निर्माणका योजनामा विदेशी पूँजीको प्रवेशमा रोक लगाउने र नेपालीहरूले उत्पादन गरेका उपभोग्य सामग्रीहरूलाई प्रतिस्थापन गर्ने विदेशी सामानको आयातमा रोक लगाउन सक्ने अवस्था सिर्जना गर्नुपर्नेछ ।

### राजनीतिक पक्ष

विदेशी जनसंख्याको अतिक्रमण कमजोर देशहरूको सबैभन्दा ठूलो समस्याहरूको रूपमा विकसित हुँदै गएको छ । नेपालमा पनि षडयन्त्रपूर्वक बढाइएको नक्कली नागरिकताको समस्या राष्ट्रियताको मर्ममा घात पुऱ्याउने चुरो समस्याको रूपमा विकसित भएको छ । तसर्थ, देशको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतालाई सुदृढ गर्नका लागि २०६८ सालमा ८दलका नाममा सहमति गरिएको र पछि अन्तरिम संविधानमा सामेल गरिएको 'जन्म' का आधारमा नागरिकता ऐन र त्यसको आडमा वितरण गरिएका तथा किनबेचका सबै नक्कली नागरिकताहरू बिनाशर्त खारेज गरी कृत्रिम जनसंख्या संक्रमणको मुख्य स्रोतका रूपमा रहेको भारतसँगको खुला सिमाना बन्द गरीसीमारेखालाई अद्यावधिक गर्नुपर्नेछ ।

यहाँका शासकहरूको सत्तालिप्सा र अयोग्यताका कारणले बाह्य शक्रिद्वारा लामो समयदेखि नेपालमाथि अपमानजनक प्रकृतिका द्विपक्षीय सन्धि सम्झौताहरू थोपरिएका छन्, जो देशकोसार्वभौम अस्तित्व, स्वाभिमान र उन्नतिका दिशामा सबैभन्दा ठूला बाधाका रूपमा रहँदै आएका छन् । यस प्रकारका सन्धि सम्झौताहरूलाई राष्ट्रिय हित अनुकूल परिमार्जन गर्नुपर्ने भएको छ । जुनसुकै ठाउँका लागि जस्तोसुकै प्रकारका भए पनि सनातन रूपमा विकास भएका संस्कृति र सभ्यताले नै समाज र राष्ट्रलाई जीवन्त बनाएर मानव जातिलाई पशु जगतबाट अलग्याएका हुन्छन् । राष्ट्रियता जीवन्त राख्नका लागि यहाँका सबै सनातन धर्म-संकृति र सभ्यताहरूको जगेर्ना एवं विकास गर्दै राष्ट्र निर्माणमा योगदान दिने सबै देनहरूलाई सकारात्मक रूपमा ग्रहण गरिनुपर्छ ।



स्व. राजेश्वर देवकोटाको
शाश्वत विचार